सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१५ भदौ २०८२, आइतबार (31 Aug 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १४० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

मधेशमा पूर्वराष्ट्रपति भण्डारीलाई एमाले नेता-कार्यकर्ताको भव्य स्वागत

स्वागतमा स्थायी कमिटी र पोलिटब्युरो सदस्यदेखि स्थानीय जनप्रतिनिधिसम्म, लगाइदिए ५१ केजीको माला



बाराको सिमरा विमानस्थलमा शनिबार पूर्वराष्ट्रपति विद्या भण्डारीलाई ५१ केजीको मालाले स्वागत गर्दै एमाले नेता-कार्यकर्ता

एमाले पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेलले भने-

देशकै सम्मानित व्यक्तिको स्वागतमा कुनै पार्टीले रोक लगाउन सक्दैन



देशकै सम्मानित व्यक्तिको स्वागतमा कुनै पार्टीले रोक लगाउन सक्दैन, गणतन्त्रमा सबैलाई भेटघाट र स्वागत गर्न सकिन्छ। हामीले स्वेच्छाले नै उहाँलाई स्वागत र भेटघाट गरेका हौं। स्वागत र भेटघाट नगर्न भनेर पार्टीले पनि भनेको छैन।

वीरगन्जमा **तिवारी यादव**

एमाले नेतृत्वले पूर्वराष्ट्रपति विद्या भण्डारीलाई पार्टीमा ढोका बन्द गरे पनि सार्वजनिक रूपमै एमाले नेता-कार्यकर्ता उनको पक्षमा उभिने क्रम बढ्दै गएको छ। शनिबार मधेश पुगेकी भण्डारीलाई बाराको सिमरा विमानस्थलमा एमाले स्थायी किमिटी र पोलिटब्युरो सदस्यदेखि स्थानीय जनप्रतिनिधिसम्मले भव्य स्वागत गरे। विमानस्थल पुगेका एमाले नेता-कार्यकर्ताले ५१ केजीको माला लगाइदिएर भण्डारीप्रति समर्थन रहेको सन्देश नेतृत्वलाई दिएका छन्।

वीरगन्ज उद्योग वाणिज्य संघको आयोजनामा भएको 'बृहत् महिला सम्मेलन : नारी शक्ति समर्पण र सम्मान' विषयक महिला सम्मेलनमा उपस्थित हुन भण्डारी सिमरा विमानस्थल हुँदै गएकी थिइन्। विमानस्थलमा उनलाई एमाले स्थायी कमिटी सदस्य मुकुन्द न्यौपाने, पोलिटब्युरो सदस्य पुरुषोत्तम पौडेल, मधेश प्रदेश सचिवालय सदस्य जयप्रकाश थारू, केन्द्रीय सदस्य केदार न्यौपाने र अरविन्द सिंह, मधेश प्रदेश सचिव मनोज पौडेल, वीरगन्ज महानगरका पार्टी अध्यक्ष नवराज शर्मा, बाराको जितपुर सिमरा उपमहानगरपालिकाका उपमेयर भोलाप्रसाद अधिकारीलगायतले स्वागत गरेका थिए। पार्टी नेतृत्वले भण्डारीको

» पृष्ठ २ मा क्रमशः

■ प्रधानमन्त्री ओली-चिनियाँ राष्ट्रपति सी भेटवार्ता

भारत-चीन लिपुलेक सहमतिमा ओलीको आपत्ति

■ ओली-सी भेटवार्तापछि परराष्ट्रसचिव अमृतबहादुर राई-



लिपुलेक पासमार्फत द्विपक्षीय परम्परागत व्यापार गर्ने दुई छिमेकी भारत र चीनको सहमतिको विषय प्रधानमन्त्रीले स्पष्ट रूपमा चीनका राष्ट्रपतिसमक्ष राख्नुभएको छ। १८१६ को सुगौली सन्धिबमोजिम महाकालीपूर्वका सबै भूभाग सार्वभौम मुलुक नेपालको हो भन्ने स्पष्ट छ। नेपाली भूभागका सम्बन्धमा भारत र चीनले सम्झौता गर्नुहुँदैनथ्यो। अब त्यो सम्झौतालाई चीनले कार्यान्वयन नगरोस् भन्दै प्रधानमन्त्रीले आपत्ति जनाउनुभयो।

राष्ट्रपति सीले नेपालले राखेको अडानसँग आफू फरक नरहेको बताउँदै लिपुलेकसम्बन्धी विवाद नेपाल-भारतबिचको छलफलमार्फत समाधान होस् भन्ने चाहना राख्नुभएको थियो। उहाँले 'त्यो नाका (लिपुलेक) परम्परागत रूपमा प्रयोग हुँदै आएको हो। नेपालको जुन दाबी छ, त्यसमा हाम्रो कुनै पक्ष वा दाबी हुँदैन। तपाईंहरूको सीमा विवादमा हामी पक्ष बन्न चाहँदैनौं। यो दुई पक्ष (नेपाल र भारत)ले समाधान गर्ने विषय हो' भन्नुभयो।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

लिपुलेक पासमार्फत द्विपक्षीय परम्परागत व्यापार गर्ने दुई छिमेकी भारत र चीनको सहमतिप्रति नेपालले प्रस्ट आपत्ति जनाएको छ। सांघाई सहयोग संगठन (एससिओ)को शिखर सम्मेलनमा सहभागी हुन शनिबार चीनको तियान्जिन पुगेका प्रधानमन्त्री केपी ओलीले त्यसैदिन चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको उच्चस्तरीय भेटवार्तामा ३ भदौको उक्त सहमतिप्रति आपत्ति जनाएका छन्।

बिआरआई परियोजना कार्यान्वयनमा सीको प्रतिबद्धता

तियान्जिन गेस्टहाउसमा चिनियाँ राष्ट्रपति सीसँग प्रधानमन्त्री ओलीले एक्लाएक्लै करिब २० मिनेट र समूहगत रूपमा करिब २५ मिनेट छलफल गरेका छन्। भेटपछि परराष्ट्रसचिव अमृतबहादुर राईले जारी गरेको भिडियो सन्देशअनुसार प्रधानमन्त्री ओलीले लिपुलेकलाई व्यापारिक मार्ग बनाउने चीन-भारतबिचको सहमति नेपालका लागि अस्वीकार्य रहेको बताएका छन्।

प्रधानमन्त्री ओलीको सचिवालयमार्फत दिएको भिडियो प्रतिक्रियामा परराष्ट्रसचिव राईले भनेका छन्, 'प्रधानमन्त्रीले स्पष्ट रूपमा यो विषय चीनका राष्ट्रपतिसमक्ष

» पृष्ठ २ मा क्रमशः



चीनको तियान्जिनस्थित गेस्टहाउसमा ओली र सीले करिब २० मिनेट एक्लाएक्लै र करिब २५ मिनेट समूहगत रूपमा छलफल गरे

भारत र चीनले नेपाली भूभागका सम्बन्धमा सम्झौता गर्नुहुँदैनथ्यो। अब त्यो सम्झौतालाई चीनले कार्यान्वयन नगरोस् : ओली

तपाईंहरूको सीमा विवादमा हामी पक्ष बन्न चाहँदैनौं। यो दुई पक्ष (नेपाल र भारत)ले समाधान गर्ने विषय हो : सी

सुरक्षा प्रस्तावमा पनि प्रधानमन्त्री ओलीको समर्थन रहेको चिनियाँ दाबी, नेपाल मौन

चिनियाँ विदेश मन्त्रालयले नेपाललेे ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जिएसआई)को ढाँचामा नेपालले समर्थन गरेको दाबी गरेको छ। प्रधानमन्त्री ओलीलाई उद्धृत गर्दै चिनियाँ विदेश मन्त्रालयले भनेको छ, 'चीनले प्रस्ताव गरेको तीन प्रमुख विश्वव्यापी पहलहरूलाई नेपाल समर्थन गर्दछ।'

चीनले पछिल्लोपटक ग्लोबल डेभलपमेन्ट इनिसिएटिभ (जिडिआई), ग्लोबल सिभिलाइजेसनल इनिसिएटिभ (जिसिआई) र ग्लोबल सेक्युरिटी इनिसिएटिभ (जिएसआई)को ढाँचामा देशहरूसँग सहकार्यको प्रस्ताव गरेको छ। यीमध्ये नेपालले जिडिआई र जिसिआईलाई समर्थन गरेको छ। तर, सुरक्षासँग सम्बन्धित विषयमा नेपाल प्रवेश नगर्ने यसअघिका सरकारहरूको धारणा थियो। तर, चिनियाँ विदेश मन्त्रालयका अनुसार ओलीले तीनै पहललाई समर्थन गरिदिएका छन्। चिनियाँ विज्ञप्तिमा तीन पहलको व्याख्या भने छैन। भेटवार्तापछि जारी बेइजिङस्थित नेपाली राजदूतावासले जारी गरेको विज्ञप्तिमा भने यसबारे केही उल्लेख छैन।

NIMB AUTO LOAN @6.29% p.a.

विराटनगर बाल सुधारगृह जेलभन्दा जोखिमपूर्ण

५० जना क्षमताको सुधारगृहमा २४९ छन्, तीमध्ये १२० जना १८ वर्ष उमेरमाथिका

विराटनगरमा **गणेश लम्साल**

युवा उमेरका बिज्याइँकर्तालाई बालकहरूसँगै राखिरहनु, फितलो व्यवस्थापनमा सुधार नआउनु अनि साँघुरो असुरक्षित संरचनामा क्षमताभन्दा चौबर बढी बिज्याइँकर्ता राखिँदा

» पृष्ठ २ मा क्रमशः



६ जना भारतीय बिज्याइँकर्तासमेत रहेको यो सुधारगृहमा रहेका १२० जना १८ वर्ष उमेर कटिसकेका छन्। २० जनाभन्दा बढी २० वर्ष उमेरमाथिका छन्। नेपालगन्जबाट सरुवा गरी ल्याइएका २६ वर्षसम्मका पनि छन्। यसैले सुधारगृहभित्र निरन्तर गुटबन्दी र झैझगडा भइरहने गर्छ। कसरी भाग्ने, ठुला र बलियाले सानालाई कसरी गुट बनाएर दमन र शोषण गर्ने भन्ने विषयले झगडा हुने गरेको छ।

■ नौ महिनामा स्वास्थ्य मन्त्रालयमा ५४९ गुनासा

स्वास्थ्य बिमा र वीर अस्पतालको सेवामाथि नागरिकका सबैभन्दा धेरै प्रश्न



फोनमार्फत २४२, इमेलमार्फत १०३ र सामाजिक सञ्जालबाट २०५ गुनासा आएको स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसीले बताए

(विस्तृत पृष्ठ ३)



G.MOTORS PVT. LTD.
(Authorized Importer & Distributor for Nepal)
Naxal, NarayanChour, Kathmandu
Tel. No.: 01-4502500/ 2700
www.gmotors.com.np
sales@gmotors.com.np

SHOWROOM
Naxal-9701010103, **Bhaktapur (RadheRadhe)-**9701010102,
Itahari-9701010108, **Birtamode-**9701010110, **Janakpur-**9701010110,
Pokhara-9701010110, **Chitwan (Bharatpur) -**9701010127,
Biratnagar- 9701010108

एमालेमा विधान महाधिवेशन

नीतिअनुकूल नेतृत्व निर्वाचित गर्ने अभ्यास गर्न बुद्धिजीवी परिषद्को सुझाव

नयाँ पत्रिका

एमालेआबद्ध बुद्धिजीवीहरूको संगठन नेपाल बुद्धिजीवी परिषद्ले नेतृत्वको अनुकूल नीति बनाउने अभ्यास परिवर्तन गर्न सुझाव दिएको छ। कम्युनिस्ट पार्टीमा नीतिअनुकूल नेतृत्व निर्वाचित गर्ने अभ्यास हुने भन्दै विधानबाटै यो व्यवस्था गर्न परिषद्ले सुझाव दिएको छ।

पार्टी महासचिव शंकर पोखरेललाई विधान प्रस्तावका विषयमा लिखित सुझाव बुझाउँदै बुद्धिजीवी परिषद्का अध्यक्ष गजेन्द्र थपलियाले नीति र नेतृत्व चयनबिचको तालमेल मिलाउन माग गरे। 'केन्द्रीय नेतृत्व चयन गर्ने राष्ट्रिय महाधिवेशनका प्रतिनिधि नै सांगठनिक प्रतिवेदन तथा विधान संशोधनका प्रस्तावहरूमा छलफल गर्ने विधान महाधिवेशनको प्रतिनिधि हुँदा कम्युनिस्ट आन्दोलनले स्थापित गरेको 'नीतिअनुकूल नेतृत्व'को सट्टा यो अभ्यासले 'नेतृत्वअनुकूल नीति'लाई प्रश्रय दिन्छ,' सुझावमा छ, 'तसर्थ, आगामी दिनमा नीति बनाउने विधान महाधिवेशनका प्रतिनिधि नै सोहीअनुरूप नेतृत्व चयन गर्ने राष्ट्रिय महाधिवेशनका प्रतिनिधि बनाइनुपर्ने व्यवस्था सांगठनिक प्रतिवेदनमा समावेश गरियोस्।'

परिषद्का महासचिव डा. दीपेन्द्र श्रेष्ठले पार्टीको मार्गदर्शक सिद्धान्त जनताको बहुदलीय जनवादलाई पनि समयानुकूल अद्यावधिक गर्न पनि पार्टीलाई सुझाव दिइएको बताए। जलवायु परिवर्तन र आर्टिफिसियल इन्टिलिजेन्सलगायत आधुनिक विज्ञान तथा प्रविधिको विकासलाई जबजमा समावेश गरी नेपाली अनुहारको समाजवाद निर्माणमा तिनीहरूको प्रभाव र भूमिकाबारे प्रस्ट पार्न सुझाव दिइएको उनले बताए।

'अप्ठ्यारो परिस्थितिमा ओलीजस्तो बोल्ड लिडर आवश्यक'

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले पार्टी अप्ठ्यारो परिस्थितिबाट गुज्रिरहेका कारण अबको महाधिवेशनबाट पनि केपी ओलीको 'बोल्ड नेतृत्व' आवश्यक भएको बताएका छन्। प्रेस चौतारी नेपालले शनिबार गरेको अन्तर्क्रियामा ज्ञवालीले ओलीको नेतृत्वमा मात्रै पार्टीले वर्तमान चुनौतीहरूको सामना गर्न सक्ने दाबी पनि गरे। पार्टीले संस्थागत निर्णय गरेर प्रणाली बसाइसकेकाले अब पूर्वराष्ट्रपति विद्या भण्डारीको पार्टी सदस्यता नवीकरणको कुरा उठाउनु आवश्यक नभएको ज्ञवालीले बताए। उनले राष्ट्रपति र उपराष्ट्रपतिजस्ता पदमा पुगेका व्यक्तिहरू पार्टीमा आबद्ध हुनेभन्दा पनि देशकै अभिभावकीय भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए।

मतदान भए दुई हजार ३३ मतदाता

आगामी २० देखि २२ भदौमा आयोजित विधान महाधिवेशनमा २३५० जना सहभागी हुने तय भएको छ। यदि त्यस महाधिवेशनमा कुनै कुरा टुंगोमा पुर्‍याउन मतदान गर्नुपर्ने स्थिति आए दसौँ महाधिवेशनमा भाग लिएका २०३३ जनाले मतदान गर्ने पनि ज्ञवालीले बताए।

मधेशमा...

पृष्ठ १ बाट क्रमशः

सदस्यताको विषयलाई लिएर कुनै पनि बहसमा सहभागी नहुन निर्देशन दिएको थियो।

स्वागतमा सहभागी पोलिटब्युरो सदस्य पौडेलले देशकै सम्मानित व्यक्तिको स्वागतमा कुनै पार्टीले रोक लगाउन नसक्ने बताए। 'देशकै सम्मानित व्यक्तिको स्वागतमा कुनै पार्टीले रोक लगाउन सक्दैन, गणतन्त्रमा सबैलाई भेटघाट र स्वागत गर्न सकिन्छ,' उनले भने, 'हामीले स्वेच्छाले नै उहाँलाई स्वागत र भेटघाट गरेका हौँ।' स्वागत र भेटघाट नगर्न भनेर पार्टीले पनि नभनेको उनको भनाइ छ। एमाले मधेश प्रदेश सचिवालय सदस्य थारूले पूर्वराष्ट्रपति भण्डारीलाई ५१ केजीको माला लगाइदिएर सम्मान गरिएको बताए। उनले पनि देशकै सम्मानित व्यक्तिलाई भेट्न कसैले रोक लगाउन नसक्ने बताए।

वीरगन्जको कार्यक्रममा भण्डारीले महिलाहरू देशको नेतृत्व गर्न, उद्यम सञ्चालन गर्न र समाज परिवर्तनका लागि अब्बल रहेको बताइन्। समाजमा बाँकी रहेको लैंगिक असमानता हटाउन महिलाले नेतृत्व लिनुपर्ने उनको भनाइ छ।

भारत–चीन...

पृष्ठ १ बाट क्रमशः

राख्नुभएको छ। १८१६ को सुगौली सन्धिबमोजिम महाकालीपूर्वका सबै भूभाग सार्वभौम मुलुक नेपालको हो भन्ने स्पष्ट छ। नेपाली भूभागका सम्बन्धमा भारत र चीनले सम्झौता गर्नुहुँदैनथ्यो। अब त्यो सम्झौतालाई चीनले कार्यान्वयन नगरोस् भन्दै प्रधानमन्त्रीले आपत्ति जनाउनुभयो।'

भारत र चीनको सीमासम्बन्धी छलफल गर्ने विशेष प्रतिनिधिबिच दिल्लीमा ३ भदौमा भएको वार्तामा नेपालको लिपुपाससहित तीन नाका व्यापारिक प्रयोजनका लागि खोल्ने सहमति भएको थियो। भारत र चीनबिच विगतमा हुँदै आएका यस्तो सहमतिप्रति नेपालले आपत्ति जनाउँदै आएको छ। यसबारे प्रधानमन्त्री ओलीले चिनियाँ राष्ट्रपति सीको पुनः ध्यानाकर्षण गराएका हुन्। भ्रमणअघि दलहरूले राष्ट्रपति सीसँग नेपालको स्पष्ट अडान राख्न प्रधानमन्त्री ओलीलाई सुझाएका थिए।

यस्तै, शनिबार साँझ नै बेइजिङस्थित नेपाली राजदूतावासले जारी गरेको विज्ञप्तिमा पनि लिपुलेकबारे चिनियाँ राष्ट्रपतिसँगको भेटमा प्रधानमन्त्री ओलीले उक्त सम्झौताप्रति नेपालले कडा आपत्ति जनाइसकेको स्पष्ट पारेको उल्लेख छ। 'भारत र चीनबिच लिपुलेक नाका हुँदै सीमा व्यापारसम्बन्धी नयाँ समझदारीको सन्दर्भमा प्रधानमन्त्रीले उक्त भूभाग नेपालकै भएको र यसप्रति नेपाल सरकारले कडा आपत्ति जनाइसकेको स्पष्ट पार्नुभयो,' दूतावासको विज्ञप्तिमा छ।

राष्ट्रपति सीले नेपालले राखेको अडानसँग आफू फरक नरहेको बताउँदै लिपुलेकसम्बन्धी विवाद नेपाल-भारतबिचको छलफलमार्फत समाधान होस् भन्ने चाहना राखेको सचिव राईले बताए। 'त्यो नाका (लिपुलेक) परम्परागत रूपमा प्रयोग हुँदै आएको हो। नेपालको जुन दाबी छ, त्यसमा हाम्रो कुनै पक्ष वा दाबी हुँदैन। तपाईंहरूको सीमा विवादमा हामी पक्ष बन्न चाहँदैनौँ। यो दुई पक्ष (नेपाल र भारत)ले समाधान गर्ने विषय हो,' चिनियाँ राष्ट्रपति सीलाई उद्धृत गर्दै परराष्ट्रसचिव राईले भने।

तर, चिनियाँ विदेश मन्त्रालयद्वारा जारी विज्ञप्तिमा भने लिपुलेकको सन्दर्भ उल्लेख छैन। राष्ट्रपति सीसँगको भेटमा प्रधानमन्त्री ओलीसँग पूर्वउपप्रधानमन्त्री तथा कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, शिक्षामन्त्री रघुजी पन्त, संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डे, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडा, एमाले सचिव तथा सांसद छविलाल विश्वकर्मा, परराष्ट्रसचिव अमृतबहादुर राई, चीनका लागि नेपाली राजदूत डा. कृष्णप्रसाद ओली र परराष्ट्रको चीन हेर्ने महाशाखा प्रमुख भृगु ढुंगाना थिए। विगतमा द्विपक्षीय वार्तामा सांसदलाई राख्ने चलन नभएकोमा यसपटक खड्का र विश्वकर्मालाई राखिएको छ। प्रतिनिधिमण्डलको मर्यादाक्रममा प्रधानमन्त्री दम्पतिपछिको वरीयताक्रममा खड्कालाई राखिएको छ।

बिआरआई परियोजना कार्यान्वयनमा सीको प्रतिबद्धता

● **डा. युवराज खतिवडा**
प्रधानमन्त्री केपी ओलीका
विकास तथा आर्थिक सल्लाहकार

प्रधानमन्त्रीज्यूले अवरोध भएका सीमानाका खोल्न सहयोगका लागि अनुरोध गर्नुभएको छ। चिनियाँ राष्ट्रपति सीले नेपाललाई भूपरिवेष्टितबाट भूजडित बन्न सहयोग गर्ने तथा सीमानाकाहरू सुचारु गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

प्रधानमन्त्री ओली र चिनियाँ राष्ट्रपति सीको भेटवार्तामा दुवै नेताहरूले आगामी दिनहरूमा परस्पर लाभदायक सहकार्य अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको नेपाली दूतावासले जनाएको छ। नेपाललाई निरन्तर सहयोग गर्न चिनियाँ राष्ट्रपति सीले वचनबद्धता जनाएका छन्।

राष्ट्रपति सीले द्विपक्षीय तथा संयुक्त राष्ट्रसंघ तथा एससिओजस्ता बहुपक्षीय मञ्चहरूमा नेपालसँग सहकार्य गर्ने प्रतिबद्धता जनाएका छन्। 'राष्ट्रपति सीले नेपालका लागि चीनको निरन्तर सहयोग रहने र दुई देशबिच सहमति भइसकेका उच्च गुणस्तरका बिआरआई परियोजना कार्यान्वयन गरिने प्रतिबद्धता पुनः दोहोर्‍याउनुभएको छ,' नेपाली दूतावासले भनेको छ। प्रधानमन्त्री ओलीले एससिओको सदस्यता प्राप्त गर्न चाहेको भन्दै समर्थन गर्न राष्ट्रपति सीलाई अनुरोध गरेका थिए। नेपाल एससिओको डायलग पार्टनर मात्रै हो।

चिनियाँ राष्ट्रपति सीले बिआरआई अघि बढिरहेको उल्लेख गर्दै यसले नेपाल र चीनका जनतालाई नजिक ल्याएको पनि उल्लेख गरे। नेपाल र चीन हिमाल र नदीहरूले जोडिएको तथा पुस्तौँदेखि मित्रताको खुसीमा बसेका छिमेकीहरू रहेको उल्लेख गर्दै दुई देशले सम्बन्धको सात दशकसम्मम असल छिमेकी मित्रताको ऐतिहासिक अध्याय लेखेको राष्ट्रपति सीको भनाइ छ। उनले बिआरआईले दुई देशका जनतालाई नजिक ल्याएको पनि उल्लेख गरेका छन्।

बिआरआईअन्तर्गत विगतमा भएका सहमतिअनुरूपका १० परियोजना छिटो कार्यान्वयन गर्न प्रधानमन्त्री ओलीले राष्ट्रपति सीको ध्यानाकर्षण गरेका थिए। प्रधानमन्त्री ओलीले नेपालमा मल, पेट्रोलियम अन्वेषण, मानव संसाधन विकास, जलवायु सहनशीलता तथा जनस्तरको सम्बन्ध विस्तारजस्ता क्षेत्रहरूमा थप सहयोगका लागि आग्रह गरेको दूतावासले जनाएको छ। प्रधानमन्त्री ओलीले अवरोध भएका सीमानाका खोल्न सहयोगका लागि अनुरोध गरेको उनका विकास तथा आर्थिक सल्लाहकार डा. युवराज खतिवडाले बताए। खतिवडाका अनुसार चिनियाँ राष्ट्रपति सीले नेपाललाई भूपरिवेष्टितबाट भूजडित बन्न सहयोग गर्ने तथा सीमानाकाहरू सुचारु गर्ने प्रतिबद्धता जनाएका छन्।

चिनियाँ विदेश मन्त्रालयका अनुसार प्रधानन्त्री ओलीले राष्ट्रपति सीसँग नेपाल-चीन सम्बन्धले विभिन्न परीक्षा र कष्टहरू पार गरेको र समयसँगै सम्बन्ध बलियो रहेको बताएका थिए। 'नेपालले एक चीन सिद्धान्तलाई दृढतापूर्वक पालना गर्दछ, ताइवान स्वतन्त्रताको दृढतापूर्वक विरोध गर्दछ र कुनै पनि शक्तिलाई चीनको हितलाई हानि पुर्‍याउन नेपाली भूमि प्रयोग गर्न दिनेछैन,' प्रधानमन्त्री ओलीले भनेका छन्। प्रधानमन्त्री ओलीले नेपाल निरन्तर विकासका लागि प्रतिबद्ध रहेको तथा चीनसँगको सहकार्यलाई सुदृढ बनाउन, संयुक्त रूपमा बिआरआई निर्माण गर्न, व्यापार, लगानी, कृषि, विज्ञान तथा प्रविधि, पर्यटन र जलवायु परिवर्तन क्षेत्रहरूमा सहयोगलाई सुदृढ गर्न तत्पर रहेको उल्लेख गरेका छन्।

राष्ट्रपति सीले नेपालसँग परम्परागत मित्रतालाई अगाडि बढाउने उल्लेख गर्दै वार्तामा विकास र समृद्धितर्फ उन्मुख नेपाल-चीन रणनीतिक साझेदारीको नयाँ र बृहत्तर विकास प्रवर्द्धन गर्ने इच्छा पनि जनाएका छन्। 'दुई पक्षले रणनीतिक पारस्परिक विश्वास बढाउन, एक-अर्काको मुख्य हित र प्रमुख चासोहरूसँग सम्बन्धित मुद्दामा एकअर्कालाई दृढतापूर्वक समर्थन गर्न, पारस्परिक रूपमा लाभदायक सहयोगलाई गहिरो बनाउन र बिआरआईलाई संयुक्त रूपमा अगाडि बढाउन राष्ट्रपति सीले जोड दिनुभएको छ,' चिनियाँ विदेश मन्त्रालयले भनेको छ।

नेपालको औद्योगिक विकासमा चीनको सहयोग रहने सीले बताएका छन्। बिआरआईमार्फत बन्दरगाह, सडक, ऊर्जा ग्रिड, उड्डयन र सञ्चार कनेक्टिभिटीलाई सुदृढ पार्ने सीको विश्वास छ। बिआरआईले नेपालमा उद्योग, कृषि, पशुपालन, नयाँ ऊर्जा, वातावरण संरक्षण, तेल र ग्यास, आर्टिफिसिएल इन्टेलिजेन्स (एआई), शिक्षा, स्वास्थ्य, कानुन प्रवर्तन र सुरक्षामा काम गर्नुपर्ने सीले उल्लेख गरेका छन्।

विराटनगर...

पृष्ठ १ बाट क्रमशः



विराटनगर बाल सुधारगृह अपराधको अखडाझैँ बन्ने गरेको छ। पटक-पटक सुधारगृहबाट बिज्याइँकर्ता भागिरहँदा र आन्तरिक मुठभेडले गम्भीर जोखिम बढाइसक्दासमेत व्यवस्थापनमा अझै सुधार आउन सकेको छैन। साँघुरो र असुरक्षित संरचनामा क्षमताभन्दा चौबर बढी बिज्याइँकर्ता राखिँदै आएको विराटनगरमा रहेको बाल सुधारगृह नामको मात्र छ। व्यवहारमा भने अपराधी उत्पादन गर्ने अखडा बन्दै गएको आमनागरिकको बुझाइ छ।

विराटनगर महानगरपालिका- ३ कञ्चनबारीस्थित एक बिघा क्षेत्रफलमा रहेको बाल सुधारगृहको क्षमता जम्मा ५० जनाको मात्र हो। तर, यहाँ हाल २४९ जना बाल बिज्याइँकर्ता राखिएका छन्। मुस्किलले एक कट्ठाजति साँघुरो बिल्डअप क्षेत्रमा निर्माण भएको ११ वटा कोठाको तीनतले भवनमा दिनरात चौबर बढी बाल बिज्याइँकर्तालाई कोचिएर राखिएको छ। जसकारण उनीहरूले सास्ती खेप्दै आएका छन्।

६ जना भारतीय बिज्याइँकर्तासमेत रहेको यो सुधारगृहमा रहेका १२० जना १८ वर्ष उमेर कटिसकेका छन्। २० जनाभन्दा बढी २० वर्ष उमेरमाथिका छन्। नेपालगन्जबाट सरुवा गरी ल्याइएका २६ वर्षसम्मका पनि छन्। यसैले सुधारगृहभित्र निरन्तर गुटबन्दी र झैझगडा भइरहने गर्छ। कसरी भाग्ने, ठुला र बलियाले सानालाई कसरी गुट बनाएर दमन र शोषण गर्ने भन्ने विषयले झगडा हुने गरेको छ।

विराटनगर बाल सुधारगृहमा २६ जना लागुऔषध, ३३ जना कर्तव्य ज्यान, ६ जना ज्यान मार्ने उद्योग र ११७ जना जबर्जस्ती करणी, २१ जना सामूहिक करणी, आठजना हाडनाता करणी र पाँचजना करणी उद्योगका आरोपी बिज्याइँकर्ता छन्। चोरीका ११ जना, सवारी ज्यानका चार, डाँका एक, कर्तव्य ज्यानका ६ र अपहरण आरोपका तीनजना बिज्याइँकर्ता कैदीबन्दी छन्।

स्थानीय दाताले प्रदान गरेको एक बिघा जग्गामा भवन निर्माण भएर ०७० बाट सञ्चालनमा आएको विराटनगर बाल सुधारगृह पहिले गैरसकारी संस्थामार्फत सञ्चालन हुने गर्दथ्यो। तर, व्यवस्थापनमा सधैँ समस्या देखिएपछि ०८२ असारदेखि महिला बालबालिका मन्त्रालयमार्फत सञ्चालन हुन थालेको छ। सुधारगृहको प्रशासन रेखदेखका लागि एकजना नायब सुब्बा र दुईजना कर्मचारी मात्र कार्यरत छन्। बाहिरको सुरक्षा नेपाल प्रहरीले हेर्दै आएको छ। कारागारमा जस्तै यहाँ पनि आन्तरिक प्रशासन बिज्याइँकर्ताबाटै सञ्चालन गरिन्छ। कारागारमा जस्तै यहाँ पनि चौकीदार र नाइके नियुक्त गरिएका छन्। उनीहरूले सुधारगृह प्रशासनको निर्देशनमा सोझा र कम उमेरका बिज्याइँकर्तालाई दमनमा राख्न भूमिका खेल्छन्।

सरकारले एकजना बिज्याइँकर्तालाई दैनिक ८० रुपैयाँ भत्ता र सात सय ग्राम चामल, वर्षमा पोसाक र आवश्यक उपचार उपलब्ध खर्च उपलब्ध गराउँछ। तर, सुधारगृहमा भने उनीहरूलाई पाउने सिदा र सुविधामा समेत कैँची चलाउने गरिन्छ। यसैले बिज्याइँकर्ताहरूले सधैँ भातको माड हालेको पातलो दाल र नमीठो तरकारी खानुपरेको, आफन्तले खाना ल्याइदिएको दिन आफ्नो सिदा कटौती गरिदिने गरेकोदेखि सहज रूपमा शौचालय जान नपाएको, चाहनाअनुसार नुवाइधुवाइ गरेर सफा बस्न नपाएको, प्रचण्ड गर्मीमा सधैँको साँघुरो सुताइ-बसाइले हदैसम्म कष्ट हुने गरेको, तर केही बोलेमा जेलमा जस्तै यातना सहनुपर्ने अनुगमन टोलीसँग गुनासो गर्ने गरेका छन्। सुधारगृह प्रशासनले भने सरकारले दिएको वार्षिक पाँच लाख मर्मत खर्च र दुई लाख रुपैयाँ मसलन्द खर्चले मात्र प्रशासन सञ्चालन गर्न गाह्रो पर्ने गरेको बताउँदै उपलब्ध सुविधा सबै उनीहरूकै लागि खर्च हुने गरेको दाबी गरेको छ। जबकि उपलब्ध ८० रुपैयाँ र सात सय ग्राम चामलले एकजना विज्याइँकर्तालाई दैनिक गुणस्तरीय खाना खान मनग्गे पुग्छ।

खुला असुरक्षित र अव्यवस्थित संरचना

विराटनगर बाल सुधारगृहको परिसर एक बिघाको भए पनि चारैतिर खुला संरचना छ। तीनतर्फ नौ फिटको पक्की वाल भए पनि एकतर्फ भने सरकारले राखेको खोजतलास केन्द्रले गर्दा आवतजावत खुला नै हुन्छ। वरिपरि मानवबस्ती भएको र बोटविरुवा पनि प्रशस्त भएकाले युवा उमेरका बिज्याइँकर्ता तीन तलामाथिबाट हामफालेर भाग्ने गरेका छन्। सामान्य काँडेतारले उनीहरूलाई रोक्न र छेक्न सकेको छैन। बाल सुधारगृहभित्र एउटा विद्यालय छ, तर अवस्था अत्यन्तै दयनीय छ। बिज्याइँकर्ता भेट्न आउने अभिभावकलाई प्रतीक्षा गर्ने प्रतीक्षालयसमेत छैन। रेखदेख गर्न बसेको प्रहरीका लागि आवासगृह, शौचालय र ब्यारेकको समेत अभाव छ।

शून्य अतिरिक्त क्रियाकलाप

बाल बिज्याइँमा परेका बालबालिकालाई सुधार्न स्थापना गरिएको सुधारगृह भनिए पनि विराटनगर सुधारगृहको अवस्थाको वास्तविकता भने फरक छ। सुधारगृहभित्र तालिमप्राप्त कर्मचारी र प्रहरी छैनन्। बिज्याइँकर्ताका लागि कुनै व्यवहार परिवर्तनका क्रियाकलाप र कक्षा पनि हुँदैनन्। उनीहरू वेलावेला प्रशासनको निर्देशनमा बाहिर निस्केर क्यारेम खेल्न र डुल्न मात्र पाउँछन्, त्यो पनि चौकीदार र नाइकेहरूको अनुमतिमा मात्र। शौचालय जान उनीहरूलाई झनै समस्या छ, साँझ-बिहान दर्जनौँले एउटै शौचालयमा लाइन लाग्नुपर्ने बाध्यता छ। नुवाउन र लुगा धुने समस्या पनि उस्तै छ। सुधारगृहले बिज्याइँकर्ताका लागि भनेर मोबाइल मर्मत र प्लम्बरको तालिम आयोजना गर्ने गरे पनि त्यो नाम मात्रको छ। सबैले सहज रूपमा यस्ता तालिम लिन पाउँदैनन्। दिनभरि साँघुरो कोठामा कोचिएर बसिरहनुपर्दा आफूभन्दा खतरनाक बिज्याइँकर्ताको संगतमा परेर सुधारिनुभन्दा झन् अपराधी बन्ने मानसिकताको विकास हुने सम्भावना देखिन्छ।

बाल सुधारगृहका कानुनी परामर्शदाता अधिवक्ता जनकबहादुर पुरी सरकारले नै उपेक्षा गरेका कारण बालबिज्याइँकर्ता सुधार गर्ने सुधारगृह अपराधी उत्पादन गर्ने अखडाजस्तै बन्ने अवस्थामा पुगेको बताउँछन्। 'जबसम्म सरकारले बाल सुधारगृहको सुरक्षा र आन्तरिक व्यवस्थापनलाई बालमैत्री बनाउँदैन, तबसम्म सुधारगृहमा बालकहरू सुधार्ने होइन, झन् अपराधी बन्ने जोखिम रहिरहन्छ,' उनले भने।

बाल अधिकारकर्मी वासु अधिकारी सुधारगृहको भित्री र बाहिरी भौतिक संरचना, आन्तरिक प्रशासनमा सुधार ल्याउन नसकेसम्म सुधारगृह वास्तविक बाल सुधारगृह हुन नसक्ने बताउँछन्। उनका अनुसार बाल सुधारगृहमा दैनिक व्यायाम, योगा, सत्संगदेखि मनोवैज्ञानिक विमर्शका कक्षा सञ्चालन हुनुपर्छ। बालकहरूलाई पढाइको उचित वातावरण हुनुपर्ने र विभिन्न सिप सिक्न निरन्तर कार्यक्रम सञ्चालन गराइरहनुपर्छ उनको भनाइ छ। 'अँध्यारो कोठामा सधैँ थुनेर मात्र बिज्याइँकर्ता सुधारिन सक्दैनन्, त्यसका लागि राज्यले नै संवेदनशील भएर सुधारगृहलाई बालमैत्री बनाउनुपर्छ,' उनले भने।

मोरङका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव साँघुरो संरचना, खुला परिसर र १८ वर्षभन्दा माथिका बिज्याइँकर्ताले गर्दा बाल सुधारगृह जेलभन्दा जोखिमपूर्ण बनेको बताउँछन्। सरकारले सुधारगृहको पर्खाल निर्माणका लागि चालू वर्षमा ४० लाख विनियोजन गरे पनि थप भवन र आन्तरिक संरचना निर्माण नभएसम्म साँघुरो सुधार केन्द्रको कष्ट अन्त्य नहुने बताए। सँगै सुधारगृहमा राखिएका १८ वर्षमाथिका बिज्याइँकर्तालाई जेलमा सिफ्ट गर्ने कानुन चाँडो कार्यान्वयन गराए मात्र सुधारगृहको जोखिम घट्ने र अवस्था सुधार हुन सक्ने उनको भनाइ छ। 'सरकारले ऐन संसद्मा लगिसकेकाले चाँडै पारित भएर आएपछि समस्या धेरै हल हुन्छ होला,' उनले भने।

बाल गीताञ्जली स्कुल | कागेश्वरी मनोहरा न.पा.-०७ मुलपानी, काठमाडौँ

बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०५/१५)

यस बाल गीताञ्जली स्कुल, मूलपानी, काठमाडौँमा तपसिल अनुसारको भवन निर्माण कार्य खुला बोलपत्र खरिद प्रक्रियाको माध्यमबाट सम्पन्न गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली निर्माण व्यवसायीहरूका लागि बोलपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही १५ दिन भित्र रितपूर्वक बोलपत्र आह्वान गरिन्छ।
यस सम्बन्धी सम्पूर्ण जानकारी बुझ्नका लागि विद्यालयमा स्वयम् उपस्थित भई सम्पर्क गर्न सकिने छ।

बोलपत्र सम्बन्धी कार्यको विवरण:

क्र.स.	निर्माण कार्य विवरण	कैफियत
१.	१०७८ x २ वर्गफुट क्षेत्रफलमा जस्ताको छाना सहित २ तले भवन, भुई तलामा १४' x १६' आकारको बार्दली सहित ३ वटा कक्षा कोठा र ३ वटा विद्यार्थी शौचालय र पहिलो तलामा १४' x १६' आकारको बार्दली सहित ४ वटा कक्षा कोठा र १ वटा कर्मचारी शौचालय।	उपलब्ध गराईएको नक्शा अनुसारको निर्माण कार्य गर्नुपर्ने।

सम्पर्क नं: ९८५१०६०६६७, ९८६१३१५७०० (WhatsApp सहित) कार्यालय: ०१-४१५३६३१ – प्रिन्सिपल

नबिल बैंक लिमिटेड, टिकापुर शाखा कैलालीको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति: : २०८२/०५/१५)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतीस**) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

	तपसिल
१	**ऋणीको नाम र ठेगानाको विवरण**
	बुद्धि मान लामाको नाती, भिम बहादुर लामाको छोरा, कैलाली जिल्ला थापापुर गा.वि.स.वडा नं.०२ स्थाय ठेगाना भइ हाल कैलाली जिल्ला भजनी न.पा वडा नं.०६ बस्ने, ना.प्र.नं. २३२४८ (जारी मिति: २०५५-०७-३०, स्थान: कैलाली) भएको **देव वहादुर लामा**।
	ब्यक्तिगत जमानतकर्ताको विवरण
	मोति राम डगौराकी छोरी, भिम बहादुर लामाकी बुहारी, देव वहादुर लामाकी श्रीमती, कैलाली जिल्ला थापापुर गा.वि.स.वडा नं.०२ स्थायी ठेगाना भइ हाल कैलाली जिल्ला भजनी न.पा वडा नं.०६ बस्ने, ना.प्र.नं. ६७२०३८/२८८८५ (जारी मिति: २०६९-१०-०३, स्थान कैलाली) भएकी **दिक्षय लामा**।
	संस्थागत जमानतको विवरण : कम्पनी ऐन २०५३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५९/०२/२० मा दर्ता नं. १८८१२/०५८/५९ अन्तर्गत दर्ता भएको **श्री शमामा इन्टरनेशनल प्रा.ली.**। ठेगाना: कैलाली जिल्ला धनगढी उ.म.न.पा. वडा नं. ०४, चटकपुर, कैलाली।
	धितोको विवरण
	सवारी साधनको विवरण: ऋणी **देव वहादुर लामा** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. सू.प.प्र.०१ ००२ त ४५४४ भएको Tractor (Solis 50 RX.)
२	**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**
	प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार सुदूरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उद्योग कार्यालय धनगढी, कैलाली, नेपाल मिति २०७९/०२/११ मा प्रा.फ.द.नं १८२९२ अन्तर्गत दर्ता भएको **आकाश ब्लक उद्योग**। ठेगाना : कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. ०१।
	ऋणी फर्मका प्रोप्राइटर: कलराम थारुकी छोरी, शंकरराम चौधरीकी बुहारी, आकाश चौधरीकी श्रीमती, कैलाली जिल्ला पथरैया गा.वि.स. वडा नं ०२, बस्ने, ना.प्र.नं. ६७२०३७/४६१०१ (जारी मिति: २०७१/०७/२३, स्थान: कैलाली) भएकी **सोनु चौधरी**।
	ब्यक्तिगत जमानतकर्ताको विवरण
	गोमे चौधरीको नाती, शंकरराम चौधरीको छोरा, कैलाली जिल्ला टिकापुर गा.वि.स. वडा नं ०९ स्थायी ठेगाना भइ हाल कैलाली जिल्ला टिकापुर न.पा. वडा नं ०१ बस्ने, ना.प्र.नं. ६७२०४०/६८००० (जारी मिति: २०७३/०८/०१, स्थान: कैलाली) भएको **आकाश चौधरी**।
	धितोको विवरण
	कैलाली जिल्ला पथरैया गा.वि.स. वडा नं ०२, बस्ने, **सोनु चौधरी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका कैलाली जिल्ला, पथरैया गा.वि.स वडा नं.०२ नक्सा सिट नं. ०२ मा अवस्थित कि.नं. क्रमश १९१७ र १९१९ को क्षेत्रफल क्रमश ०-१-०-० र ०-५-५-० विगाहा भएको जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

Invitation for Sealed Quotation for Post-Migration Audit of Core Banking System (CBS)

First Publication Date: 2082/05/15

National Cooperative Bank Limited (NCBL) invites sealed proposals from eligible firms to conduct a Post-Migration Audit of CBS. The audit shall provide independent assurance on the completeness, accuracy, and integrity of migrated data, and assess key system functionalities as per the Terms of Reference (TOR).

Scope of Services:
The audit will focus on reviewing the data migration process and assessing the quality of data post-migration. The scope of this assessment will include the following, but is not limited to them.
- Review of master data and transaction history across all modules and branches.
- Validation of financial records, reconciliations, and user access profiles.
- Assessment of CBS functionalities post-migration (interest calculation, standing instructions, account hold/release, etc.).
- Identification of discrepancies or gaps and recommendations for corrective actions.
- Verification of compliance with migration strategy, vendor sign-offs, and operational continuity.

A detailed TOR can be downloaded from the bank's website.

Eligibility Criteria:
- Registered legal entity operating for at least 5 years.
- Submission of firm registration, PAN/VAT, and latest tax clearance certificates.
- Not blacklisted by any government or autonomous entity.
- Proven experience in data migration audits.
- Preference will be given to Chartered Accountants or professionals with relevant certifications.

Submission of Proposal:
Eligible and interested firm/Company must submit Technical and Financial Proposals separately with all required documents to: General Service Department, National Cooperative Bank Limited, Head Office, Pulchowk, Lalitpur, during office hours within 15 (Fifteen) days from the date of publication of this notice.
If the last date of submission falls on a public holiday, the next working day shall be considered the final submission date.

Further Information:
- Telephone inquiries will not be entertained.
- Bank profile and TOR are available at: www.ncbl.coop
- Correspondence email: **admin@ncbl.coop**
- The Bank reserves full authority over all decisions related to this process.

National | राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
Pulchowk, Lalitpur | Phone: 01-5180182 | Web: www.ncbl.coop

■ नौ महिनामा स्वास्थ्य मन्त्रालयमा ५४९ गुनासा

स्वास्थ्य बिमा र वीर अस्पतालको सेवामाथि नागरिकका सबैभन्दा धेरै प्रश्न



● डा. भक्तबहादुर केसी
सूचना अधिकारी, स्वास्थ्य मन्त्रालय

अहिले स्वास्थ्य बिमामा गुनासो अत्यधिक आइरहेका छन्, बिमाबाट औषधि नदिएको, औषधि नपाएको जस्ता थुप्रै गुनासा आउँछन्। वीरबाट धेरै गुनासो आउने गरेको छ। समयमा उपचार सेवा पाइएन, चिकित्सक भेटिएनन्, बिमाको औषधि पाइएनलगायतका गुनासा आउँछन्। उपत्यकाबाहिरका अस्पतालबाट ९८ प्रकारका औषधि नपाएको भनेर धेरै गुनासा आउँछन्।



शिवहरि घिमिरे / नयाँ पत्रिका

स्वास्थ्य संस्थाहरूले दिने सेवा प्रवाह र लापरबाहीमाथि प्रश्न उठाउँदै स्वास्थ्य मन्त्रालयमा गुनासाको चाङ छ। पछिल्लो नौ महिना मात्रै मन्त्रालयमा ५४९ गुनासा आएका छन्, जसमा सबैभन्दा धेरै स्वास्थ्य उपचार सेवासम्बन्धी छन्।

स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसीका अनुसार २४ मंसिर ०८१ मा मन्त्रालयले गुनासो सुनुवाइ एकाइ गठन गरेको थियो। एकाइ प्रमुख सरुवारोग विशेषज्ञ डा. अनुप बास्तोला छन्। टेकुस्थित सरुवारोग अस्पतालमा कार्यरत बास्तोलालाई मन्त्रालयले सेवाग्राहीको गुनासो सुन्ने एकाइमा राखेको थियो। उनले त्यसयता गुनासालाई एकीकृत गरी बुधबार स्वास्थ्यमन्त्री प्रदीप पौडेल र सचिव विकास देवकोटालाई बुझाएका छन्। तर, प्रतिवेदनमा के-कति गुनासा सम्बोधन भए र सेवाग्राहीलाई मद्दत पुग्यो भनेर उल्लेख गरिएको छैन।

मन्त्रालयका सूचना अधिकारी केसीका अनुसार पछिल्लो नौ महिनायता सबैभन्दा बढी गुनासा स्वास्थ्य बिमा र वीर अस्पतालले प्रवाह गर्ने सेवामा आउने गरेका छन्। 'अहिले बिमामा गुनासो अत्यधिक आइरहेका छन्, बिमाबाट औषधि नदिएको, औषधि नपाएको जस्ता थुप्रै गुनासा आउँछन्,' केसीले भने, 'अस्पतालको गुनासातर्फ वीरबाट धेरै आउने गरेको छ। समयमा उपचार सेवा पाइएन, चिकित्सक भेटिएनन्, बिमाको औषधि पाइएनलगायतका गुनासा आउँछन्। उपत्यकाबाहिरका अस्पतालबाट ९८ प्रकारका औषधि नपाएको भनेर धेरै गुनासा आउँछन्।'

केसीका अनुसार मुख्य समस्यालाई सम्बोधन गर्न सम्बन्धित निकायलाई मन्त्रालयले पहलसमेत गरेको छ। वीर अस्पतालपछि गुनासा बढी आउनेमा भक्तपुर क्यान्सर अस्पताल पर्छ। यहाँबाट पनि सेवाग्राहीले दिनहुँ फोन गरेर अत्यधिक लाइनमा बस्नुपरेको, चिकित्सकहरू समयमा नआएको, अस्पतालले आवश्यक औषधि फार्मेसीमा नराखेको भनेर गुनासो गर्ने गरेका छन्।

सेवाग्राहीबाट आएका गुनासोको विश्लेषण प्रतिवेदनमा गरिएको छ। अस्पतालहरूमा जनशक्ति र पूर्वाधार कमी हुनु, समयमा चिकित्सक अस्पताल नपुग्नु, सेवाग्राहीलाई हप्काउने र रुखो व्यवहार गर्ने गरेकाले यस्ता गुनासा आउने गरेको मन्त्रालयले जनाएको छ। त्यस्तै, अस्पतालमा दुर्व्यवहार हुनु, प्राविधिक समस्या आउनु, औषधि तथा उपकरण अभाव हुनु, शुल्क मनपरी लिँदा सेवाग्राहीलाई मार पर्ने गरेको छ।

स्वास्थ्य बिमासम्बन्धी आएका गुनासामध्ये बिमामार्फतको औषधि प्राप्त गर्न नसकेको, रेफरल प्रक्रियामा अस्पतालले तनाव दिएको, चिकित्सकले लेखेको औषधि नपाएको, लाइन बस्नुपरेको, बिमितलाई घृणा गर्ने गरेकोजस्ता गुनासा पनि मन्त्रालयमा आउने गरेको छ।

मन्त्रालयका अनुसार सबैभन्दा बढी गुनासा फोनबाट आउने गरेका छन्। नौ महिनामा फोनमार्फत २४२ वटा गुनासा आएका छन्। इमेलमार्फत १०३, सामाजिक सञ्जालबाट २०५ वटा गुनासा आएका छन्। मन्त्रालयको टोल फ्री नम्बर ११११५ मा बढी गुनासो आउने गरेको सूचना अधिकारी केसीले बताए।

बढी गुनासा अस्पतालको सेवामा

मन्त्रालयमा पछिल्लो नौ महिनामा अस्पतालका सेवामाथि प्रश्न उठाउँदै १५७ वटा गुनासो आएका छन्। ८७ वटा गुनासा स्वास्थ्य बिमाबारे आएका छन्। ५२ वटा गुनासा आधारभूत स्वास्थ्य र ९८ प्रकारका औषधिसम्बन्धी छन्। अस्पतालहरूमा प्रशासनिक समस्या छ भनेर ४४ वटा गुनासा आएका छन्। विभिन्न अस्पताल सुधार गर्नका लागि ७७ वटा गुनासा आएका छन्। उपचारका लागि आर्थिक सहयोग माग गर्दै ३० जना बिरामीले फोन गरेका छन्। अन्य विभिन्न समस्याबारे १०२ वटा गुनासा आएका छन्।

स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार वीर अस्पतालबाट धेरै गुनासा आएका छन्। वीरबाट ३२ वटा गुनासा प्राप्त भएको प्रवक्ता डा. केसीले बताए। उनका अनुसार भक्तपुर क्यान्सर अस्पतालबाट १८, त्रिवि शिक्षण अस्पतालबाट आठ, सिभिल अस्पतालबाट ६, पाटन अस्पतालबाट पाँच, कर्णाली एकेडेमी हेल्थ साइन्सबाट पाँच, लुम्बिनी प्रादेशिक अस्पतालबाट पाँचवटा, कान्ति बाल अस्पताल, थापाथली अस्पताल, गंगालाल अस्पताललगायतबाट पनि गुनासो आउने गरेका छन्।

सेवाग्राहीले मन्त्रालयमा दिनहुँ गुनासो गरिरहे पनि त्यसको तत्काल सम्बोधन भने हुन सकेको छैन। मन्त्रालयले खाली बिरामीबाट आएको गुनासोको रेकर्ड मात्रै राख्ने काम गरिरहेको छ। तर, बिरामीलाई परेको समस्या र दुःखबारे तत्काल समस्या समाधानतर्फ मन्त्रालयले चासो दिएको छैन। अब प्रतिवेदन पेस गरिसकेकाले मन्त्रीस्तरबाट जहाँ-जहाँ समस्या छ, ती अस्पतालमा निर्देशन जारी गर्ने तयारी मन्त्रालयले गरेको छ। सूचना अधिकारी केसीले प्राप्त गुनासालाई सम्बोधन गर्ने गरी प्रतिवेदन तय भएको र कतिपय अवस्थामा सहजीकरण पनि गर्दै आइरहेको दाबी गरे।

■ वीरका दुईतिरका भवन जोड्न महानगरले लिफ्टसहितको पुल बनाइदिने



वीर अस्पतालको पुरानो र नयाँ भवनलाई जोड्ने गरी काठमाडौं महानगरपालिकाले लिफ्टसहितको अत्याधुनिक आकासेपुल निर्माण गर्ने भएको छ। दुई भवनका ओहोरदोहोर गर्दा बिरामी र उनीहरूका आफन्तलाई सास्ती भएपछि वीर अस्पताल प्रशासनले महानगरलाई पुल बनाइदिन अनुरोध गरेको थियो। सोही अनुरोधअनुसार आगामी पुस महिनादेखि महानगरले पुल बनाइदिन लागेको हो। पुल निर्माणबारे सर्वेक्षण भइसकेको र कन्सल्ट्यान्स हायर गर्ने प्रक्रिया अघि बढेको महानगरका इन्जिनियर प्रेमबहादुर श्रेष्ठले जानकारी दिए। 'यसबारेमा अध्ययन गरेर सकाइसकेका छौं, अब यसको कन्सल्ट्यान्ट हायर गर्ने प्रक्रिया अघि बढ्दै छ,' उनले भने, 'आउँदो पुसबाट काम सुरु हुन्छ, यो योजनाका लागि हामीले बजेट पनि विनियोजन गरिसकेका छौं।'

वीर अस्पतालको नयाँ अर्थात् सर्जिकल भवन पुरानोको सामुन्ने सडक पारी छ। दुई भवनबिचमा सडक रहेको हुँदा बिरामीलाई जोखिम र असहज हुँदै आइरहेको भन्दै वीरले पुल बनाइदिन प्रस्ताव गरेको थियो। दुई भवनबिचको दूरी करिब ७० मिटरको छ। अधिकांश टिकट काउन्टर र वार्ड पुरानो भवनमा छ भने सर्जिकलसम्बन्धी उपचार सेवा नयाँ भवनमा हुन्छ। पुरानो भवनमा टिकटदेखि क्यास काउन्टर, इमर्जेन्सी, ल्याब, ओपिडी, माइनर अपरेसनलगायत सेवासमेत छन्। यसकारण पनि वीरका बिरामीले दुवै भवनमा ओहोरदोहोर नगरी सुखै छैन। महानगरका अनुसार पुल निर्माणमा झन्डै साढे चार करोड लाग्ने अनुमान छ। उक्त पुल बनाउन महानगरले चालू आर्थिक वर्षको बजेटमा समेत समावेश गरेको छ। वारपार गर्न पुल बनाएर बिरामीलाई तल्लो तथा माथिल्लो तलामा ओहोरदोहोर गर्न लिफ्टसमेत जडान गरिनेछ। पुल नयाँ भवनको दोस्रो तलाबाट पुरानो भवनको दोस्रो तलामा जोडिनेछ। त्यसमा पनि लिफ्ट जडान गरिनेछ। अन्डरग्राउन्डबाट ओहोरदोहोर गर्ने बाटो खोल्दा धेरै लागत लाग्ने भएपछि बाहिरबाट पुल र लिफ्ट राख्न लागिएको हो।

भिजिट भिसाको सेटिङमा संलग्न एयरलाइन्स र ट्राभल एजेन्सीमाथि छानबिन गर्न सिआइबीलाई पत्राचार

नयाँ पत्रिका

भिजिट भिसाको सेटिङमा एयरलाइन्स र ट्राभल एजेन्सीको मिलेमतो देखिएको भन्दै छानबिन गर्न अध्यागमन विभागले प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई पत्राचार गरेको छ। एयरलाइन्सका कर्मचारीसमेत मिलेर दुईतर्फी टिकट तत्कालै रद्द गर्ने र ट्रान्जिटमै यात्रुलाई छाड्ने घटना देखिएको भन्दै विभागले यसको छानबिन गर्न भनेको हो।

भिजिट भिसामा कृत्रिम बुकिङ गर्ने र भोलिपल्टै रद्द गर्ने प्रवृत्ति देखिएकाले त्यसतर्फ छानबिन गर्न भनिएको विभागका प्रवक्ता उपसचिव टीकाराम ढकालले बताए। सिआइबीलाई लेखिएको पत्रमा भनिएको छ, 'विभागले गरेको अध्ययन र पछिल्लो समयमा सरोकारवालाहरूसँग गरिएका छलफल र अन्तर्क्रियाबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान गर्ने केही वायुसेवा कम्पनीहरूले ट्राभल एजेन्सीहरूसँगको मिलेमतोमा ओभर बुकिङ गर्ने एवं ठुलो संख्यामा कृत्रिम बुकिङ गरी भोलिपल्टै उक्त बुकिङ भ्योइड गर्ने र कतिपय यात्रुहरूलाई गन्तव्य मुलुक नपुर्‍याईकन सेटिङमा ट्रान्जिट मुलुकमै छाड्नेसम्म गरेका तथ्यहरू फेला परेका छन्।'




● **रामचन्द्र तिवारी**
महानिर्देशक, अध्यागमन विभाग

विभागले त्यस्ता ट्राभलहरूमाथि सम्पत्ति शुद्धीकरणमा समेत अनुसन्धान गर्न भनेको छ। 'खासगरी भिजिट भिसामा प्रस्थान गर्ने व्यक्तिहरूको आतेजाते टिकट काट्ने र लगत्तै भ्योइड गराउने गरेको पाइएको छ। एकैपटक ठुलो संख्यामा टिकट बुकिङ भ्योइड गराएउँदा सम्बन्धित व्यक्तिले तिरेको ठूलो रकम सम्बन्धित एजेन्सी र बिचौलियाबिच बाँडफाँट हुने गरेकोसमेत बुझिन आएको छ,' विभागका महानिर्देशक रामचन्द्र तिवारीद्वारा हस्ताक्षरित पत्रमा भनिएको छ, 'यसैगरी खाडी मुलुकहरूमा अन्तर्राष्ट्रिय उडान गर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूका पछिल्ला केही वर्षका भ्योइड गराएका टिकट संख्या, टिकट बुकिङको कार्यमा संलग्न ट्राभल एजेन्सी, त्यस्ता टिकटमा जम्मा भएको रकम र त्यसले सिर्जना गरेको गैरनैतिक आर्थिक कारोबारको गम्भीर अनुसन्धान नर्ग अत्यावश्यक देखिएको छ। यस्ता कारोबारहरूउपर आवश्यक परेमा सम्पत्ति शुद्धीकरणको दृष्टिकोणले समेत छानबिन गर्नुपर्ने हुन सक्ने भएकाले यस्ता क्रियाकलापमा गम्भीर अनुसन्धान र निगरानीसमेत गर्नका लागि अनुरोध गर्दछु।' अख्तियार दुरुपयोग अनुसन्धान आयोग र पर्यटन मन्त्रालयलाई समेत बोधार्थ दिएर यस्तो पत्र लेखिएको छ।

विभागले नेपाल एयरलाइन्सलाई पनि यस विषयमा नियमन र अनुगमनलाई प्रभावकारी बनाउन आग्रह गरेको छ। साथै, प्रमुख एयरलाइन्सहरूलाई पत्राचार गरेर विभागले टिकट भ्योइडको विवरणसमेत माग गरेको छ। विमानस्थलस्थित तत्कालीन अध्यागमन प्रमुख तीर्थराज भट्टराईले एयरलाइन्स र ट्राभल एजेन्सीसँग संगठित गिरोह नै चलाएर भिजिट भिसामा जानेसँग पैसा असुलेको खुलिसकेको छ। यसमा अख्तियारले अनुसन्धान गरिरहेको छ। यसमा ग्रिनलाइन तथा फेमली होलिडेजलगायत ट्राभल्समाथि पनि अनुसन्धान भइरहेको छ।

एमाले लुम्बिनी प्रदेश सभा सदस्य पुनको निधन


बुटवल / लुम्बिनी प्रदेश सभा सदस्य सरिता पुनको निधन भएको छ। उपचारका क्रममा उनको काठमाडौंस्थित शिक्षण अस्पताल महाराजगन्जअन्तर्गत मनमोहन सेन्टरमा शनिबार निधन भएको लुम्बिनी प्रदेश सभाका एमाले प्रमुख सचेतक तुलसीप्रसाद चौधरीले बताए। पूर्वी रुकुम तकसेरानिवासी पुनलाई उपचारका लागि काठमाडौं लगिएकोमा उपचारकै क्रममा निधन भएको छ।



अस्पतालमा एकैपटक दुईवटा मेजर अप्रेसन गरिएको थियो। पहिलो अप्रेसनमार्फत उनले छोरीलाई जन्म दिएकी थिइन् भने दोस्रो अप्रेसन गरी मुटुमा कृत्रिम भल्भ प्रत्यारोपण गरिएको थियो। प्रमुख सचेतक चौधरीका अनुसार पुनलाई पहिलादेखि नै मुटुसम्बन्धी रोग थियो। एमाले नेतृ पुन एमालेबाट समानुपातिक निर्वाचन प्रणालीमार्फत प्रदेश सभा सदस्य चुनिएकी थिइन्।

■ लुम्बिनी सांस्कृतिक नगरपालिका प्रमुख मुसलमानको निधन

भैरहवा / रुपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिकाका मेयर सजरुद्दिन मुसलमानको निधन भएको छ। नगरप्रमुख खानको शनिबार बिहान ९ बजे उपचारका लागि अस्पताल लैजाँदै गर्दा निधन भएको हो।



लामो समयदेखि मुटुरोग तथा मधुमेहबाट पीडित मुसलमानको उपचारका क्रममा निधन भएको वडा नम्बर ९ का अध्यक्ष कमाल अख्तर फकिरले जानकारी दिए। कांग्रेसबाट निर्वाचित मुसलमान शनिबार बिहान अस्वस्थ भएपछि चेकजाँचका लागि लुम्बिनीस्थित लाइफ केयर अस्पताल पुर्‍याइएकोमा थप उपचारका लागि भैरहवातर्फ लग्ने क्रममा निधन भएको वडाध्यक्ष फकिरले बताए।

चीनमा मासु निर्यात गर्न बागमतीमा खोरेतमुक्त अभियान

मकवानपुरमा **पोष्टराज अधिकारी**

चीनमा भैँसीको मासु निर्यात गर्ने लक्ष्यसहित बागमती प्रदेशका चार पालिकामा खोरेतमुक्त अभियान सुरु गरिने भएको छ। गत वर्ष पुसमा नेपाल र चीन सरकारबिच भैँसीको मासु निर्यातसम्बन्धी प्रोटोकल सम्झौता भएको थियो। सोही सम्झौता कार्यान्वयन गर्ने उद्देश्यले बागमती प्रदेशका सिन्धुली र मकवानपुरका चार पालिकालाई खोरेतमुक्त घोषणा गर्ने तयारी भएको हो। खोरेतमुक्त पालिका घोषणा भएपछि तीन वर्षभित्रै चीनमा मासु निर्यात सुरु गर्ने सरकारको योजना छ।


सरकारले मकवानपुरको बागमती र बकैया गाउँपालिका तथा सिन्धुलीको हरिहरपुरगढी तथा मरिण गाउँपालिकालाई पहिलो चरणमा खोरेतमुक्त क्षेत्र घोषणा गर्ने तयारी गरेको छ। नेपाल-चीनबिच भएको द्विपक्षीय सहमतिअनुसार राँगा-भैँसीको मासु चीन निर्यात गर्न निश्चित प्रोटोकल पालना गर्नुपर्ने सर्त रहेकाले सोहीअनुसार खोरेतमुक्त अभियान सञ्चालनको तयारी थालिएको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौँडाका पशु चिकित्सक डा. अमिक श्रेष्ठले बताए।

'नेपाल-चीनबिच भएको सहमतिअनुसार खोरेतमुक्त घोषणा नगरी मासु निर्यात सम्भव छैन। त्यसैले पहिलो चरणमा यी चार पालिकालाई खोरेतमुक्त बनाउन तालिम, सर्वेक्षण र खोप अभियान सुरु हुँदै छ,' उनले भने। श्रेष्ठका अनुसार अभियानअन्तर्गत पहिलो चरणमा बागमती प्रदेशलाई खोरेतमुक्त क्षेत्र बनाउन चालू आर्थिक वर्ष ०८२/८३ मा पशु पहिचान तथा दर्तासम्बन्धी तालिम, स्थलगत इपिडेमियोलोजिकल तालिम, पालिकास्तरमा छलफल, प्रादेशिक निर्देशक समिति बैठक, आधारभूत सर्वेक्षण र खोप कार्यक्रम सञ्चालन गरिनेछ।

यस्तै, निर्धारित क्षेत्रभित्र पाडापाडी पालन प्रोत्साहन कार्यक्रम ल्याइनेछ। यसअन्तर्गत कम्तीमा पाँच सय पाडापाडीको संख्या बढाउने लक्ष्य राखिएको श्रेष्ठको भनाइ छ। 'निर्यात हुने मासु संक्रमणमुक्त र गुणस्तरीय हुनैपर्छ। चीन सरकारको सर्तअनुसार मासु निश्चित रोगमुक्त क्षेत्रमा पालन गरिएका तीन वर्षभन्दा कम उमेरका राँगा-भैँसीबाट उत्पादन भएको हुनुपर्छ,' उनले भने। उनका अनुसार मापदण्ड पुगेको वधशालाबाट मात्र मासु उत्पादन हुनुपर्ने, तातोमा प्रशोधन गरिएको र सुरक्षित प्याकेजिङसहित चीन पठाउनुपर्ने हुन्छ।

निर्देशनालयका निर्देशक डा. गौरीमान श्रेष्ठले खोरेतमुक्त अभियानलाई प्रभावकारी बनाउन स्थानीय तहमै सचेतनामूलक कार्यक्रमदेखि नियमित खोप अभियानसम्म सञ्चालन हुने बताए। उनले खोरेतविरुद्ध ६-६ महिनाको फरकमा खोप अभियान सञ्चालन गरिनेसमेत बताए। 'खोरेत रोग नियन्त्रणका लागि प्रत्येक ६-६ महिनामा खोप अभियान चलाइनेछ। यस अभियानमा किसानको सक्रिय सहभागिता आवश्यक छ,' उनले भने।

राजनीतिक प्रतिशोधमा मुद्दा चलाइयो : नेपाल



काठमाडौं / एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले आफूले जीवनमा एक रुपैयाँ पनि भ्रष्टाचार नगरेको बताएका छन्। पतञ्जली प्रकरणमा भ्रष्टाचार मुद्दा दायर भएको सन्दर्भ जोड्दै उनले राजनीतिक प्रतिशोधकै कारण आफूमाथि मुद्दा लगाइएको बताए।

समाजवादी प्रेस संगठन, नेपालको केन्द्रीय समिति बैठकको उद्घाटन सत्रलाई शनिबार राजधानीमा सम्बोधन गर्दै नेपालले कानुनअनुसार नै तत्कालीन मन्त्रिपरिषद्ले पतञ्जलीलाई जग्गा दिने निर्णय गरेको स्पष्ट पारे। 'ममाथि मुद्दा चलाइएको छ। हदबन्दीभन्दा बढी जग्गा दिने निर्णय गरेको र उक्त जग्गा बिक्री गर्न दिने काम गरेको भनिएको छ। सरकारी र सार्वजनिक सम्पत्ति हानि-नोक्सानी गर्ने काम गरेर भ्रष्टाचार भयो भनिएको छ। कानुनबमोजिम सम्बन्धित सबै निकायको सिफारिसमा मन्त्रिपरिषद्ले सर्वसम्मत निर्णय गरेर जग्गा दिइएको छ,' उनले भने।

मन्त्रिपरिषद्ले राजनीतिक समितिमा समेत पठाएर निर्णय गरेको पनि उनले बताए। उनले आफ्नो क्याबिनेटमा विद्या भण्डारी, शंकर पोखरेल, सुजाता कोइराला, भीम रावल, मीनेन्द्र रिजाललगायतका मन्त्री रहेको पनि स्मरण गरे।

धितोपत्र ऐन, २०६३ र सामुहिक लगानी कोष नियमावली, २०६७ (संशोधन सहित) बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक: HIMALAYAN LIFE सुरक्षा अटल, भविष्य सबल | योजना व्यवस्थापक/डिपोजिटरी: HIMALAYAN INVESTMENT BANKER LIMITED. A SUBSIDIARY OF HIMALAYAN LIFE INSURANCE LIMITED.

हिमालयन लाइफ इन्स्योरेन्स म्युचुअल फण्ड
अन्तर्गत सञ्चालन हुने

एचएलआई लार्ज क्याप फण्ड (HLI Large Cap Fund)
को
इकाई सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला बारेको सूचना

एचएलआई लार्ज क्याप फण्ड (HLI Large Cap Fund) को प्रति इकाई अंकित मूल्य रु.१०/- दरको ४०,००,००,००० (चालिस करोड) इकाई मध्ये बीज पूँजी वापत ५० प्रतिशत अर्थात २०,००,००,००० (बीस करोड) इकाई कोष प्रवर्द्धक हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको लागि सुरक्षित राखी बाँकी न्यूनतम २०,००,००,००० (बीस करोड) इकाई **आज मिति २०८२ भाद्र १५ गते आइतबार** देखि कुनै पनि संघ संस्था/सर्वसाधारणहरुको लागि निष्काशन तथा बिक्री खुल्ला गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

दरखास्त दिनुपर्ने न्यूनतम : १०० इकाई | दरखास्त दिन पाउने अधिकतम : ४,००,००,००० इकाई

सि.नं.	विवरण-पुस्तिका हेर्न तथा प्राप्त गर्न सकिने स्थानहरु :
१.	हिमालयन इन्भेष्टमेन्ट बैंकर लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौ र वेवसाइट : www.himalayaninvest.com
२.	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड, हात्तीसार, मनकामना मार्ग, काठमाडौं, नेपाल र वेवसाइटः www.himalayanlife.com.np
	साथै नेपाल धितोपत्र बोर्डको वेभसाइटः www.sebon.gov.np, वा सिडिएस एण्ड क्लियरिङ्गको वेभसाइटः www.meroshare.cdsc.com.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरण पुस्तिका हेर्न सक्नु हुनेछ।

सि.नं.	दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :
१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालहरुबाट तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "**मेरो शेयर**" अनलाइन प्रयोग गरी सि-आस्वा (C-ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ।

इकाईको बिक्री खुल्ला अवधि:	
इकाईको निष्काशन खुल्ला हुने मिति	: २०८२/०५/१५ गतेदेखि
इकाईको निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०८२/०५/१८ गते (बैंकिङ्ग समय पश्चात्) सम्म
इकाईको निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०८२/०५/२९ गते (बैंकिङ्ग समय पश्चात्) सम्म

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि "**मिति २०८२ भाद्र ०६ गतेको कान्तिपुर**" राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशन तथा बिक्री प्रबन्धकको वभसाईट www.himalayaninvest.com मा हेर्नुहुन अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक
HIMALAYAN INVESTMENT BANKER LIMITED. A SUBSIDIARY OF HIMALAYAN LIFE INSURANCE LIMITED.
हिमालयन इन्भेष्टमेन्ट बैंकर लिमिटेड
वडा नं.: १०, बानेश्वर, काठमाडौं, नेपाल, फोन नं.: ०१-५९२०३४२
Email: info@himalayaninvest.com
Website : www.himalayaninvest.com

एन आई सी एशिया बैंक म्युचुअल फण्ड
अन्तर्गत सञ्चालित
एन आई सी एशिया ग्रोथ फण्ड २

धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डबाट २०८०/०६/१२ मा योजना संचालन अनुमति प्राप्त २०८०/०८/२५ देखि २०८७/०८/२४ सम्म अवधि भएको ७ वर्षे योजना

२०८२ श्रावण मसान्तको खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	सूचिकृत धितोपत्रमा लगानी		
१	शेयर	६९९,२८२,३५९	५९३,६५९,५४०
२	ऋणपत्र	-	-
	सुचिकृत नभएको धितोपत्रमा लगानी		
१	शेयर	३१,०९८,६३९	२७,५३१,७२९
२	ऋणपत्र	-	-
३	मुद्दती निक्षेप	१२५,०००,०००	१२५,०००,०००
	कुल लगानी (क)	**८५५,३८०,९९८**	**७४६,१९१,२६९**
	चालु सम्पत्ति		
१	बैंक मौज्दात	९७,७७२,२६६	१७७,८५२,४५५
२	अन्य सम्पत्ति	६,१२९,११४	६२,९०३,००१
	जम्मा (ख)	**१०३,९०१,३८०**	**२४०,७५५,४५६**
	चालु दायित्व		
१	चालु दायित्व	२५७,६५१	७,५५३,७०७
२	भुक्तानी दिनुपर्ने शुल्क	-	२,८३९,५२६
	जम्मा (ग)	**२५७,६५१**	**१०,३९३,२३२**
	कुल सम्पत्ति (क+ख-ग)	**९५९,०२४,७२७**	**९७६,५५३,४९२**
१	योजना व्यवस्थापक शुल्क	१,२२१,७७१	१,२८४,२३५
२	डिपोजीटरी शुल्क	१६२,९०३	१७१,२३१
३	कोष सुपरीवेक्षक शुल्क	८१,४५१	८५,६१६
	खुद सम्पत्ति	**९५७,५५८,६०२**	**९७५,०१२,४१०**
	जम्मा जारी इकाई संख्या	९०,५००,०००	९०,५००,०००
	प्रति इकाई खुद सम्पत्ति मूल्य	**१०.५८**	**१०.७७**

२०८२ श्रावण मसान्तको आय व्यय विवरण

क्र.सं.	विवरण	यस मासिक मसान्त सम्पत्ति मूल्य	गत मासिक मसान्त सम्पत्ति मूल्य
	आम्दानी		
१	प्राप्त भइसकेको आम्दानी/(नोक्सान)	२३७,७४८	५६,०५४,८०२
२	प्राप्त भइनसकेको आम्दानी/(नोक्सान)	२१,०१४,९६९	३६,८७१,९१७
	जम्मा आम्दानी	**२१,२५२,७१७**	**९२,९२६,७१९**
	खर्च		
१	सूचना तथा प्रकाशन खर्च	३३,०००	४३०,६१८
२	बैंक शुल्क	११५	१,३९४
३	योजना व्यवस्थापन शुल्क	१,२२१,७७१	१४,४८७,३८२
४	डिपोजीटरी शुल्क	१६२,९०३	१,९३१,६५१
५	कोष सुपरीवेक्षक शुल्क	८१,४५१	९६५,८२५
६	योजना लेखा परीक्षण शुल्क	९,४१७	११३,०००
७	सिडिएससि वार्षिक शुल्क	३,८२६	१२०,०००
८	स्टक एक्सचेञ्ज वार्षिक शुल्क	१,५९४	५०,०००
९	अन्य खर्च	४३४,९१८	१,०२८,८२६
	जम्मा खर्च	**१,९४८,९९६**	**१९,१२८,६९५**
	कुल नाफा/(नोक्सान)	**१९,३०३,७२१**	**७३,७९८,०२४**

नोटः
१. सूचिकृत तथा सूचिकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८२ श्रावण मसान्तसम्म गरेको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत रु.७१०,३२८,५१०।९६ रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्बन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३. योजनाको प्रति इकाई खुद सम्पत्ति मुल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइटः www.nicasiacapital.com मार्फत सार्वजनिक गरिएको छ।
४. अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुनसक्नेछ।

सूचिकृत धितोपत्रमा भएको लगानी विवरण

क्र.सं.	धितोपत्र	संख्या	जम्मा मूल्य (रु.)
क) वाणिज्य बैंक			
१	प्रभु बैंक लिमिटेड	३७,०००	८,०८१,५४०
२	ग्लोबल आइएमई बैंक लिमिटेड	२१,७५०	५,४५८,१६३
३	प्राइम कमर्सियल बैंक लिमिटेड	२७,०००	६,७६९,९८०
४	सानिमा बैंक लिमिटेड	२१,८७५	८,०४६,२८१
५	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड	४६,६९५	१०,०९३,१२४
६	एनएमबि बैंक लिमिटेड	३३,३००	८,४०२,५८९
७	नबिल बैंक लिमिटेड	७०,३४७	३६,८४९,१६६
८	नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड संस्थापक	१२,३२६	२,०५८,४४२
९	नेपाल एसबिआई बैंक लिमिटेड	१२,०००	४,७३२,०८०
१०	कृषि विकास बैंक लिमिटेड	२१,५५८	७,१६६,९५७
ख) विकास बैंक			
१	शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड	७०,३७१	३०,३०३,८६४
२	मुक्तिनाथ विकास बैंक लिमिटेड	७४,५००	३३,१११,७६०
३	लुम्बिनी विकास बैंक लिमिटेड	२८,३५१	१५,६३७,२७८
४	गरिमा विकास बैंक लिमिटेड	५५,०००	२३,३००,२००
५	कामना सेवा विकास बैंक लिमिटेड	१७,२५०	९,०३९,८६३
ग) हाइड्रोपावर कम्पनी			
१	अपि पावर कम्पनी लिमिटेड	२१,७५०	६,५०९,५५८
२	साञ्भि इनर्जी लिमिटेड	१,५३६	१,०८२,७११
घ) लघुवित्त			
१	फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड	९,०००	७,९८४,१७०
२	छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड	९,८००	१०,२४८,२५२
३	साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड	२७,९७६	२४,५८९,५०५
ङ) जीवन बिमा कम्पनी			
१	सुर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३२,१७१	१४,१२०,१७४
२	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड	४८,७७२	१९,८१२,६५०
३	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	६०,९४२	२९,९७०,०५७
४	नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३३,३५०	२०,५२८,५९३
५	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३७,६०५	१७,९६९,५४९
६	आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	३२,८६६	१४,७५८,८०६
७	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड	३१,२७२	१४,८०९,४८१
८	गार्डियन माइक्रो लाईफ इन्स्योरेन्स लिमिटेड	१,४७१	२,९८२,७९१
९	क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड	१,५१५	१,९६५,२५८
१०	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	२७,२५०	१२,७०८,८५५
च) निर्जीवन बिमा कम्पनी			
१	नेको इन्सुरेन्स लिमिटेड	४३,८२१	३०,८५८,७४८
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	४५,७०७	२७,४७०,३६४
३	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड	३७,१५०	२१,०२९,८७२
४	आईजीआई प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड	४०,५४०	२१,५२९,१७२
५	प्रभु इन्स्योरेन्स लिमिटेड	३६,१००	२८,१७५,६९
६	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	५७,५००	४६,६९८,०५०
७	नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड	१,५१६	२,२९६,११८
८	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड	४३,४७३	२४,९११,७६८
छ) म्युचुअल फण्ड			
१	कुमारी सबल योजना	३,०००,०००	२९,८५०,०००
२	मुक्तिनाथ म्युचल फण्ड १	२५०,०००	२,२९७,५००
३	गरिमा समृद्धि योजना	६५०,०००	६,११०,०००
४	एनआईबिएल स्टेबल फण्ड	१,५००,०००	१३,२७५,०००
५	एनएमबि हाइब्रिड फण्ड २	५००,०००	४,५२५,०००
ज) उत्पादन तथा प्रशोधन			
१	ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेड	१,०८२	१,४७०,२६५
झ) अन्य			
१	नेपाल दूरसञ्चार कम्पनी लिमिटेड	३०,७९५	२६,९७८,८८४
२	पियोर इनर्जी लिमिटेड	८६२	७४६,७८५
३	ट्रेड टावर लिमिटेड	२,०९४	१,९६५,४४९
	जम्मा	**७,१६७,२३९**	**६९९,२८२,३५९**

कोष प्रवर्द्धकः NIC ASIA एन आई सी एशिया बैंक लि.
एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालयः ट्रेड टावर, थापाथली, काठमाडौं वडा नं. ११
फोन नं. ९७७-०१-५९११११७/८८, फ्याक्सः ९७७-०१-५९१११८०
टोल फ्री नं. : १६६०-०१-७७७७१

योजना व्यवस्थापक/डिपोजिटरीः NIC ASIA CAPITAL
एन आई सी एशिया क्यापिटल लिमिटेड
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली -११, काठमाडौं
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

कालापानीको घाउमा राष्ट्रवादको नारा र यथार्थ

भाषणमा भूमि फिर्ता ल्याउने झुटो आश्वासन, तर व्यवहारमा शून्य कदम चाल्ने राजनीति जनता झुक्याउने र देशलाई धोका दिने प्रपञ्च मात्र हो



● बाबुलाल भण्डारी

अग्रलेख

नेपालको छातीमा लामो समयको घाउ बनेको छ- कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्र। यो केवल ३७२ वर्गकिमि भूमिको एउटा टुक्रा मात्र होइन, हाम्रो राष्ट्रिय स्वाभिमान, अखण्डता र सार्वभौमिकतासँग जोडिएको अत्यन्त संवेदनशील विषय पनि हो। यसमाथि हुने कुनै पनि खेलबाड हाम्रो सार्वभौमिकतामाथिको गम्भीर प्रहार हो, इतिहासको प्रकट अपमान हो र हाम्रा शासकको निरीहताको क्रूर मजाक हो। प्रमाणका चाङ्ले यो भूमि नेपालकै हो भनेर टड्कारो बोले पनि, हामी केवल नक्सा छापेर भाषणमा राष्ट्रवादको डम्फु बजाउँदै आत्मरतिमा निमग्न छौं।

तथ्य र प्रमाण-अभिलेख : नेपाल र भारतबिचको अन्तिम सीमासन्धि बनेको सुगौली सन्धि (१८१६) ले कालीलाई नेपालको पश्चिमी सीमानदी स्विकारेको छ र (महा)कालीको वास्तविक उद्गमस्थल लिम्पियाधुरा नै हो भन्ने तथ्य भूगोलले आज पनि छर्लंग देखाइरहेको छ। नेपाल-चीन सिमाना सम्झौता (२०१६) र सन्धि (२०१८), नेपालको आधिकारिक नक्सा, सिक्का र हुलाक टिकट मात्र होइनन् कि ब्रिटिस भारतका नक्साहरू, नेपाल सरकारको जग्गा नापी-नक्सा, पोता लगत, मालपोत कर राजस्व (तिरोभारो), जनगणना र मतदाता नामावली-अभिलेखजस्ता अकाट्य प्रमाणले नेपालको उपस्थिति र क्रियाशीलताको साक्ष्य बनेर लिम्पियाधुरासम्मको भूभागलाई हाम्रै अविभाज्य भूमि प्रमाणित गर्दै भारतीय दाबी झुटो भएको पुष्टि गर्छन्। तर, चीनसँगको युद्धपछि नेपालको उत्तरी सिमानाका १७ भारतीय चेकपोस्ट हटाउने क्रममा नेहरूको विशेष आग्रहमा तत्कालीन राजा महेन्द्रबाट पाएको अल्प समयको अनुमतिलाई भारतले आफ्नो स्थायी अधिकार ठान्यो। अस्थायी रूपमा टेक्न पाएको आँगनमा सैन्य बलमा आफ्नो झन्डा गाड्यो र हामीलाई नै पराई बनाइदियो।

महाकाली सन्धिको राष्ट्रघात र धोकाधडी : विडम्बनाको शृंखला त झन् त्यसपछि बन्यो, जब हाम्रै राजनीतिक नेतृत्व कहलिने नेकपा (एमाले) र नेपाली कांग्रेस मिलेर राष्ट्रिय हितमाथि घात गर्दै असमान महाकाली सन्धि पारित गरे। यसको अध्ययन प्रतिवेदनका संयोजक हालका प्रधानमन्त्री केपी शर्मा ओली थिए र उनी आफैंले यो सन्धिबाट देशलाई 'खर्बौं' फाइदा हुने दिवास्वप्न बाँडेर सन्धि पारित गर्न सिफारिस गरेका थिए। यस ढंगले आमजनता र सांसद नै एकप्रकारले गुमराहमा रहने अवस्था बन्यो। अझ दुःखद नाटकीय घटना त यो देखियो, जब एमाले अध्यक्ष मनमोहन अधिकारीले अस्पतालको शय्याबाट सन्धिको विपक्षमा मत दिने विश्वासमा अख्तियारी दिएका वैकल्पिक केन्द्रीय सदस्य (हालका सभामुख) देवराज घिमिरेले त्यसको ठीक विपरीत गई सन्धिको पक्षमा मत दिँदा केवल एक मतको अन्तरले एमाले सन्धि अनुमोदन गर्ने प्राविधिक निर्णयमा पुग्यो। त्यही एक मतले नेपालको भाग्य र दीर्घकालीन भविष्यमाथि कति गम्भीर र अपूरणीय क्षति गऱ्यो भन्ने कुरा आज सबैका आँखामा छर्लंग छ। सन्धिले महाकालीको उद्गमस्थल लिम्पियाधुरालाई जानाजान लुकाएर लिपुलेकलाई स्थापित गर्ने भारतीय प्रपञ्चलाई मौन स्वीकृति दियो र यही नै भारतलाई त्यहाँ आफ्नो उपस्थिति बलियो पार्ने आधार बन्न पुग्यो।

विस्तारवादी षड्यन्त्र : भारतको नेपाललाई दबाबमा राख्ने हेपाहा प्रवृत्ति समय क्रममा अरू बढ्दै गयो। उसले गलत प्रचारबाजीको सहारामा लिपुलेकको सानो खोलालाई नै कालीको उत्पत्तिस्थल देखाउने अनेक तानाबाना बुन्दै गएर ठाउँ-ठाउँमा संरचना थप्दै र लिपुलेक जाने एकतर्फी सडक निर्माण गर्दै गयो र अन्ततः २०१९ मा एकतर्फी रूपमा नयाँ राजनीतिक नक्सा जारी गर्दै हाम्रो भूमिलाई आफ्नो सरहदभित्र देखायो। विभिन्न कालखण्डमा नाना दुष्प्रचार र भ्रम छर्ने क्रममा नेपालसँगको कूटनीतिक छलफल र अनुमतिविना चीनसँग लिपुलेकलाई धार्मिक यात्रा र द्विदेशीय व्यापार नाका बनाउने गरी २०१५ मा गरेको सम्झौता हालै २०२५ मा नवीकरण र पुनर्जीवित गऱ्यो। यसप्रकार नेपालको अभिन्न अंग लिपुलेकको विषयमा नेपाललाई नै पर राखेर द्विपक्षीय मामिला बनाउने दुस्साहस मात्र भएन, अन्तर्राष्ट्रिय धोकाधडीद्वारा नेपालको सार्वभौमिकतालाई ठाडै अस्वीकार र अवहेलना गरियो। यो कब्जाको इतिहास भारतको योजनाबद्ध विस्तारवादको नांगो उदाहरण र अन्तर्राष्ट्रिय कानुनको खुला उल्लंघनको समेत घटना बनेको छ।



> इतिहासको धुलो पुछेर समान राष्ट्रिय धारणा, दह्रो ऐक्यबद्धता र प्रतिबद्धता जुटाई ठोस कदम र दृढ संकल्पसाथ अन्तर्राष्ट्रिय मञ्चमा सक्रिय पहलकदमी लिए मात्र खोसिएको भूमि फिर्ता ल्याउन सकिन्छ

संविधान संशोधन : यसै पृष्ठभूमिमा, २०७८ सालमा नेपालको संसद्ले सर्वसम्मत प्रस्तावले संविधान संशोधनद्वारा ती क्षेत्रलाई आफ्नो अभिन्न भूभाग घोषित गर्दै लिपुलेक, कालापानी र लिम्पियाधुरालाई समेटेर 'चुच्चे नक्सा' जारी गऱ्यो। यो कदम निःसन्देह नेपालको सार्वभौम अस्तित्वको ऐतिहासिक घोषणा थियो। यसले तत्कालीन प्रधानमन्त्री केपी ओलीजीलाई राष्ट्रवादको मसिहाका रूपमा स्थापित त गऱ्यो। तर, पर्दापछाडिमा भने पार्टीका अरूको निरन्तरको दबाब र करबलपछि मात्र ओलीजी यो कदम चाल्न तयार भएको भन्नेजस्ता कुरा उतिबेलै सार्वजनिक भएकै हुन्। जे होस्, नक्सा लिपुलेकलाई व्यापारिक मार्ग बनाउने गरी भएको सहमतिप्रति आपत्ति जनाएको समाचार सार्वजनिक भएको छ। चीनपछि छिटै भारत भ्रमणमा जाने तयारीमा रहेका प्रधानमन्त्री ओलीले भारतसित पनि यसैगरी आपत्ति जनाएर यससम्बन्धी छलफलमा बस्न भारतलाई दबाब दिन सक्नुपर्छ। नेपालको चुच्चे नक्साबारे भारतीय पक्षबाट 'अस्वीकार्य' भन्ने प्रतिक्रिया आएपछि अन्तर्राष्ट्रिय अदालत (आइसिजे)को ढोका ढकढक्याउने आँट र त्यसैगरी हाम्रो प्रमाणबारे जानकारी गराउन नक्सालाई संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय निकाय वा समुदायमा दाबी-दर्ता गर्ने काम किन भएन ?

> नैतिक र राष्ट्रिय दायित्व बिर्सिने नेतृत्वमाथि निरन्तर र निर्णायक दबाब सिर्जना गरेर सिमानाको मुद्दालाई सत्ताको भन्याङ बनाउनबाट नरोकुन्जेल कालापानीको घाउ दुखिरहनेछ र हाम्रो स्वाभिमान आहत भइरहनेछ

जारी भएपछि यसको जस र स्याबासी जोजसको भागमा जाओस्, जनताको ठुलो सरोकारको विषय रहेन।

चुच्चे नक्सा र राजनीतिक दोहोरोपन : अब यहाँ प्रश्न उठ्छ- के नक्सा जारी गर्नु नै भूमि फिर्ता ल्याउनु हो ? महाकाली सन्धि पारित गराउन त्यसरी लाग्ने नेतृत्व चुच्चे नक्साको जस लिएर बस्दै गर्दा के हाम्रो स्वाभिमान फिर्ता आउँछ ? चुच्चे नक्सा जारी भएपछिका वर्षमा ओलीजी र पछिका सरकारले केही नगरी किन र कसको स्वार्थमा चुपचाप बसे ? शनिवार मात्र चीन भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले चीनियाँ राष्ट्रपति सी जिन पिङसमक्ष भारत र चीनबीच लिपुलेकलाई व्यापारिक मार्ग बनाउने गरी भएको सहमतिप्रति आपत्ति जनाएको समाचार सार्वजनिक भएको छ। चीनपछि छिटै भारत भ्रमणमा जाने तयारीमा रहेका प्रधानमन्त्री ओलीले भारतसित पनि यसैगरी आपत्ति जनाएर यससम्बन्धी छलफलमा बस्न भारतलाई दबाब दिन सक्नुपर्छ। नेपालको चुच्चे नक्साबारे भारतीय पक्षबाट 'अस्वीकार्य' भन्ने प्रतिक्रिया आएपछि अन्तर्राष्ट्रिय अदालत (आइसिजे)को ढोका ढकढक्याउने आँट र त्यसैगरी हाम्रो प्रमाणबारे जानकारी गराउन नक्सालाई संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय निकाय वा समुदायमा दाबी-दर्ता गर्ने काम किन भएन ?

आज अवस्था कस्तो छ भने, हाम्रा नेताहरू सार्वजनिक मञ्चमा 'हामी जमिन नै फिर्ता ल्याउँछौं, एक इन्च पनि भूमि छोड्दैनौं' भनेर कुर्लिन्छन्, तर बन्द कोठामा त्यो भुलेर अन्य झिनामसिना विषयमा सम्झौता गर्छन्। वस्तुतः भाषणमा सोझै जग्गा फिर्ता ल्याउने झुटो आश्वासन तर व्यवहारमा शून्य कदम चाल्ने राजनीति जनता झुक्याउने र देशलाई धोका दिने प्रपञ्चबाहेक अरू हुनै सक्दैन। राष्ट्रवाद आज सबैलाई केवल चुनाव जित्ने र सत्तामा टिकिरहने तुरुपको पत्ता भएको छ। जनतालाई आश्वासनको झुटो ललिपपमा अलमल्याएर सार्वभौम भूमिको मुद्दालाई ओझेलमा पार्ने काम भइरहेको स्थिति टड्कारो छ। हाम्रो कमजोर नेतृत्व, दलगत स्वार्थ, कूटनीतिक अक्षमता र लम्पसारवादले मुलुक निरन्तर ठगिँदै आएको कटु यथार्थ पनि कसैबाट छिपेको छैन।

अन्तिम हरफहरू : त्यसैले, अब स्पष्ट हुनुपर्छ- समस्या भारत मात्र होइन, नेपालको कमजोर नेतृत्व, आत्मसमर्पणकारी राजनीति, जस लिन बखुबी तत्पर तर जवाफदेही हुन नचाहने नेतृत्व अनि भोट बैंकको खेल पनि हो। भावनात्मक भाषण, नारा र तालीले मात्र भूमि फिर्ता आउँदैन। अब इतिहासको धुलो पुछेर समान राष्ट्रिय धारणा, दह्रो ऐक्यबद्धता र प्रतिबद्धता जुटाई ठोस कदम र दृढ संकल्पसाथ अन्तर्राष्ट्रिय मञ्चमा सक्रिय पहलकदमी लिए मात्र हराएको भूमि फिर्ता ल्याउन सकिन्छ। जबसम्म नैतिक र राष्ट्रिय दायित्व बिर्सिने नेतृत्वमाथि निरन्तर र निर्णायक दबाब सिर्जना गर्दैन, जहिलेसम्म यो मुद्दालाई सत्ताको भन्याङ बनाउनबाट रोकिन्न, तबसम्म कालापानीको घाउ दुखिरहनेछ र हाम्रो स्वाभिमान आहत भइरहने छ। राष्ट्रवाद नाराले होइन, आफ्नो ऐतिहासिक, कानुनी र भौगोलिक पक्षलाई विश्वसामु प्रस्तुत गर्ने परिणाममुखी दृढ कूटनीति र राजनीतिक साहसले मात्र प्रवर्द्धन हुन्छ। नेपाली जनता र नेतृत्व दुवैका लागि यो एउटा परीक्षणको घडी हो। यो वस्तुतः आगामी पुस्ताका लागि हामीले छोड्ने बिरासतको प्रश्न पनि हो।

महाकाली सन्धिकर्ताबाट यसको निकास आउने सम्भावना न्यून भए पनि आजका दिनमा यो माग उठाउनु हरेक नेपालीको नागरिकको कर्तव्य बनेको छ।

---

३ प्रश्न

नारायणी अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट **डा. चुमनलाल दास**लाई



वीरगन्जमा हैजा संक्रमणको अवस्था कस्तो छ ?

शुक्रबार र शनिबारको 'ट्रेन्ड' हेर्दा यो घट्दो क्रममै छ। बिरामीको 'प्रेसर' त हामीकहाँ यसै पनि बढी हुने नै भयो। हामीकहाँ औषधिदेखि सबै प्रकारका परीक्षण निःशुल्क नै गरेका छौं। हामी मिर्गौला संक्रमित हैजाका बिरामीलाई डाइलाइसिस सेवासमेत निःशुल्क गरेका छौं। त्यसले गर्दा अन्यत्रका बिरामीसमेत यतै आउँदा बिरामीको चाप त छ। तर, त्यो घट्दो ट्रेन्डमा देखिएकाले केही राहत भएको छ। तर, हामी अझै पनि 'हाई अलर्ट'मै छौं। फेरि चार-पाँच दिन घट्यो भन्दैमा यो शून्यमै झरिहाल्ने पनि होइन। त्यसैले, महानगरसित पनि सरसल्लाह गरेर तत्काल २५ सिट थप गर्ने तयारीमा हामी छौं।

कतै पूर्वतयारी, उपकरण व्यवस्थापन र जनशक्ति परिचालनमा समस्या भएको त होइन ?

ठ्याक्कै त्यस्तो त होइन। हामी तयारी अवस्थामै थियौं। हामीसित सिट, परीक्षण उपकरण, जनशक्ति पर्याप्त भएकैले यो महामारीसित जुध्न सजिलो भएको हो। समुदायमा जनचेतना फैलाउने 'डोर टु डोर' अभियानमा ठुलो जनशक्ति परिचालन भएको छ। पानी शुद्धीकरण तथा व्यक्तिको सरसफाइलगायत आचरण शुद्धीकरणमा पनि जोड दिएका छौं। आज (शनिबार) नवौं दिन हो। पछिल्लो समयमा संक्रमण केही घट्न थालेको छ। अहिले यो हाम्रो नियन्त्रणमै छ, अनियन्त्रित भएको अवस्था होइन। यसले गर्दा यो छिटै नियन्त्रणमा आउनेमा हामी आशावादी छौं।

अबका दिनमा थप केकस्ता कदम चाल्दै हुनुहुन्छ ?

संक्रमणको सोर्स पानी नै भए पनि कहाँबाट सऱ्यो भन्ने यकिन हुन सकेको छैन। त्यसले गर्दा अहिले नियन्त्रणका लागि हामीले चालेका कदमलाई निरन्तरता दिन्छौं। डब्लुएचओ र मन्त्रालयका टोली पनि सक्रिय छन्। समुदायलाई सचेत बनाउने अभियान जारी रहन्छ। भविष्यमा पुनः दोहोरिएमा पनि हामी तयारी अवस्थामै रहन्छौं।

प्रेरक प्रसंग

बालक र प्राचार्य

एक बालक सानैदेखि चेस खेलमा अत्यन्त रुचि राख्थे। उनी चेस खेलसँगै कुनै राम्रो शैक्षिक संस्थाबाट शिक्षा प्राप्त गर्न चाहन्थे। उनले एउटा चर्चित विद्यालयबारे सुनेका थिए।

एक दिन बालक विद्यालय गए र प्राचार्यसित आफूलाई विद्यालयमा भर्ना लिन अनुरोध गरे। प्राचार्यले भने- भर्ना हुन तिमीसित केही विशिष्ट गुण जरुरी छ। तिमी नै भन, तिमीसित कुन गुण छ ? बालकले नम्रतापूर्वक भने- मलाई चेस खेल्नबाहेक केही आउँदैन। प्राचार्यले भने- चेस खेल्न जान्दैमा यहाँ भर्ना हुन पाइन्न। बालकले पटक-पटक आफूलाई भर्ना लिइदिन अनुरोध गरिरहे। अन्त्यमा प्राचार्यले भने- ठिकै छ, तिमीले हाम्रो यस विद्यालयका सबैभन्दा दक्ष खेलाडीलाई चेसमा जित्यौ भने मात्र प्रवेश पाउँछौ। विद्यालयका सबैभन्दा दक्ष चेस खेलाडीलाई बोलाएर प्राचार्यले थप सर्त राखेहेर बालक, तिमीले जित्यौ भने यस स्कुलमा भर्ना पाउँछौ र हार्नेलाई विद्यालयबाट निष्कासन गरिनेछ। खेल सुरु भयो। बालकले होसियारीसाथ खेल अघि बढाए। खेल निकै रोचक र प्रतिस्पर्धात्मक हुँदै गयो। विद्यालयका खेलाडीलाई आफूले बालकसित हार्ने हो कि भन्ने चिन्ता लाग्न थाल्यो। हारियो भने त विद्यालयबाट निकालिनुपर्छ भन्ने सोचेर उनी चिन्तित देखिन थाले। बालकले पनि उनको मनोदशा बुझे। त्यसपछि उनले मनमनै सोचे- मैले जितेँ भने स्कुलले चेसबाहेक अरू केही नजान्ने विद्यार्थी पाउनेछ भने एक योग्य विद्यार्थीको भविष्य चौपट हुनेछ।

त्यसपछि उनी हार्नका लागि खेल्न थाले। यो सबै हेरिरहेका प्राचार्यले बालकको मनोभाव बुझे। बालकले जित्नका लागि होइन, अब हार्नका लागि खेलिरहेका छन् भन्ने उनले बुझे। त्यसैले उनले चेस बोर्ड हटाए र भने- बालक, तिमीले चेस खेलबाहेक पनि अरू धेरै कुरा सिकेका रहेछौ। तिमी जित्न पनि चाहन्छौ, त्यसका लागि सक्षम पनि छौ। तर, तिमी आफ्नो जितसँगै अरूको अस्तित्व मेटाउन पनि चाहँदैनौ। अरूका लागि यसरी त्याग गर्न तयार हुने बालक हाम्रो स्कुलका लागि आवश्यक छ। तिमी भर्नाका लागि योग्य छौ। तिमीलाई हाम्रो विद्यालयमा स्वागत छ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

बोल्दैमा हुन्छ र मन्त्रीज्यू ?

अर्थमन्त्री विष्णु पौडेलले छिटै देशलाई ग्रे लिस्टबाट बाहिर निकाल्ने उद्घोष गरेछन्। तर, के अर्थमन्त्रीले भाषण गर्दैमा देश ग्रे लिस्टबाट निस्केला र ? के त्यसका लागि कुनै नीति र योजना बनाई त्यसको कार्यान्वयन जरुरी पर्दैन हो ? के तपाईंहरूको एक-दुई थान भाषणले काम तमाम हुन्छ हो ?



नेपाललाई ग्रे लिस्टबाट चाँडै बाहिर ल्याउँछौं : अर्थमन्त्री

काठमाडौं/ अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेपाललाई ग्रे लिस्टबाट बाहिर निकाल्न सरकारले कुनै कसर बाँकी नराखी काम गर्ने बताएका छन्। राष्ट्रिय सभामा सांसदहरूसँगको सवाल-जवाफमा उनले यस्तो बताएका हुन्। 'ग्रे लिस्टबाट बाहिर निकाल्न कुनै कसर बाँकी नराखी सरकारले काम गर्छ।

● **वन्दना परियार**, सामाखुसी, काठमाडौं

मलखाद जनताले पाएका छैनन्, खेत खरानी भएको छ। ग्रे र ग्रिनबाट बाहिर-भित्र गर्दा पाइहाल्छन्। रसिया र इरानमाथि आर्थिक प्रतिबन्ध लगाइएको छ, तर त्यहाँका जनता त हामीभन्दा खुसी अवस्थामा छन्।

● **पूर्णवासी गुप्ता**

चाँडै भनेको कहिले माननीय मन्त्रीज्यू ? ३५ वर्षसम्म त नेपालीले कुरिरहेकै थिए होइन र ? अब फेरि अर्को चुनावमा पनि छिटै, चाँडै, सिंगापुर, पानीजहाज, ग्यास पाइपलाइन, केरुङ रेल भन्नेलाई नै नेपालीले विश्वास गर्नुपर्ने हो ?

● **ढकाल ठाकुर**

नेताले जे भने पनि सही लाग्ने किन होला ? पुराना पार्टीले अब लगातार दुई-चार वर्ष सरकार चलाए भने कालो सूचीमै पुऱ्याउँछन्। यो तरिकाले देशको विकास भएन भन्ने सबैलाई थाहा छ। देश विकासको अन्तिम विकल्प भनेको सही मान्छे सही ठाउँमा पुग्नुपर्छ, होइन र ? आफ्ना हुर्कंदै गरेका सन्तानको भविष्य नेपालमा नदेखेका बाआमाले अझै पनि पुराना पार्टीको सदस्यता च्यात्न सक्नुभएको छैन। अब ढिला गर्नुहुँदैन।

● **जय अधिकारी**

(नयाँ पत्रिका फेसबुकबाट)

आइजिपीले इतिहास बनाऊन्

यो ६८ दिनको अवधि, देश विकास गर्न नसके पनि कम्तीमा भ्रष्टाचारीलाई पक्राउ गरेर जेलको कोठा भरिदिने सुनौलो मौका त नयाँ आइजिपी खापुङसँग छ, इतिहासमा कोरिनेछ नाम।

● **नवीन भण्डारी**

कमसेकम दुई वर्ष त कार्यकाल हुनुपर्छ। दुई महिनामा मान्छेले गर्छ के ? यदि उमेर हदभित्रै आइजिपीजस्तो उच्च पदमा पुग्न भ्याउँछ कोही भने कम्तीमा दुई वर्ष स्वतः थपिनुपर्छ।

● **भवानीशंकर काफ्ले**

(नयाँ पत्रिका फेसबुकबाट)

लगानीयोग्य वातावरण बनाऊ

परराष्ट्रमन्त्रीज्यू, तपाईंहरूले आग्रह, निवेदन, अनुरोध गर्दैमा लगानीकर्ता दगुर्दै आउने हो र ? लगानीकर्तालाई त लगानीको ग्यारेन्टी, प्रतिफलको प्रतिशत र सुरक्षाको सुविधाले आकर्षित गर्छ। जुन सरकारले गरेको प्रतिबद्धतामा तलमाथि नगरोस्, बजारको सहजता होस्। उद्योगका लागि चाहिने बिजुली, पानी, बैंकिङ र वातावरणीय सुविधा होस्। तब मात्र लगानीकर्ताले लगानी गर्नमा उत्सुकता देखाउनेछन्। यो त 'मैले भनेथें, आह्वान गरेथें, अब आएनन् त के गर्ने ?' भनेजस्तो भएन र ? लगानीकर्ताले भनेअनुसारका सुविधा पाऊन् त यस्ता आग्रह र निवेदन गर्नैपर्दैन, आफैं दगुरेर आउँछन्।

● **प्रकाश खतिवडा उपाध्याय**

सरकारमा गएर ढुकुटीको रकम आफ्नो पोल्टामा पार्ने अनि ढुकुटी विदेशीले भरिदेऊ भनेर हुन्छ र ? कमाउन जानुभएको हो या देश र जनतालाई समृद्धि र विकास दिन जानुभएको हो ? हजुरले जति अंग्रेजी बोल्नुहुन्छ, राजनीतिको अर्थ त्यति नै जान्नुभएको रहेछ।

● **प्रकाश चपाई**

(नयाँ पत्रिका फेसबुकबाट)

सैन्य परेडमार्फत शक्तिशाली कूटनीति प्रदर्शन गर्दै चीन

सी जिनपिङले सैन्य परेडमार्फत विगत, वर्तमान र भविष्यलाई जोड्ने प्रयास गरिरहेका छन्



देश / विदेश

● देङ युवेन

सेप्टेम्बर ३ मा दोस्रो विश्वयुद्धमा जापानविरुद्धको प्रतिरोध युद्ध अन्त्य भएको ८०औं वार्षिकोत्सवका अवसरमा चीनले सैन्य परेड आयोजना गर्दै छ। यसपटकको सन्दर्भ विगतको भन्दा फरक छ। राष्ट्रपति सी जिन पिङले अहिले देशभित्र आर्थिक अवरोधको सामना गरिरहेका छन्। विदेशमा पश्चिमाहरूसँगको सम्बन्ध त्यसमा पनि विशेषत संयुक्त राज्य अमेरिकासँगको सम्बन्ध तित्त बनेको छ। वैश्विक स्तरमा रुस-युक्रेन युद्धका कारण दोस्रो विश्वयुद्धपछिको अन्तर्राष्ट्रिय व्यवस्था फेरिँदै छ।

त्यसकारण, यस वर्षको परेड केवल सेना र हतियारको औपचारिक प्रदर्शन मात्र होइन। यो रणनीतिक सञ्चारको व्यवस्थित कदम पनि हो, जसमा सैन्य शक्ति, कूटनीतिक स्थिति र ऐतिहासिक कथाहरूको सन्देश एकसाथ बुनिएको छ। विगतका परेडमा जस्तै, बेइजिङले यसपटक पनि नयाँ वा अत्याधुनिक सैन्य प्रणाली प्रदर्शन गर्नेछ। तथापि, परीक्षण चरणमै रहेका हतियार तथा अति गोप्य प्रणाली भने प्रदर्शन हुनेछैन। पछिल्ला वर्षमा भएका सैन्य आधुनिकीकरणलाई ध्यानमा राख्दा यस वर्षको परेडमा पहिलेभन्दा बढी उन्नत सैन्य उपकरण प्रस्तुत हुने अपेक्षा छ। यसपटकको परेडमा चौथो पुस्ताका तोप तथा युद्धक-विमान केन्द्रित हुने बताइएको छ। त्यसबाहेक साइबर तथा विद्युतीय युद्धसम्बन्धी नयाँ क्षमता पनि देखाइने चर्चा छ। तिनमा ड्रोन, निर्देशित-ऊर्जा हतियार र जामिङ प्रविधि, साथै हाइपरसोनिक मिसाइल, मिसाइल प्रतिरक्षा तथा रणनीतिक स्ट्राइक प्रणाली समावेश हुनेछन्।

घरेलु दर्शकका लागि यस सैन्य परेडले कुनै समय कमजोर चीन अब एक महाशक्ति राष्ट्र बनेको सन्देश प्रवाहित गर्नेछ। विदेशी दर्शकका लागि भने यसले चीनको राष्ट्रिय सेना अर्थात् जनमुक्ति सेना (पिएलए) अब भविष्यका युद्धका लागि मात्र होइन, समकालीन लडाइँको लागि तयार रहेको संकेत दिनेछ। त्यसबाहेक सैन्य परेड कूटनीतिक प्रदर्शनको पनि एक अवसर हो। यसपटकको परेडमा विदेशी नेताको उपस्थितिको रेकर्ड तोडिन सक्छ। समाचारका अनुसार यसपटकको परेडमा फिलिपिन्सबाहेक दक्षिणपूर्वी एसियाका सबै देशका शिर्ष नेता उपस्थित हुनेछन्। अन्य क्षेत्रका शीर्ष नेताको पनि उस्तै उपस्थिति हुनेछ। पाहुनाको सूची आफैंमा विश्वासको कूटनीतिको बलियो सूचक हो।

परेडमा उपस्थित हुनेहरू मात्र होइन, अनुपस्थिति हुनेहरू पनि उत्तिकै उल्लेखनीय छन्। मनिलाको अनुपस्थिति वासिंटनसँगको उसको सम्बन्धले सीमित गरेको हुन सक्छ। दक्षिण चीन सागरमा चिनियाँ नौसेनासँग बारम्बार भइरहेका झडपले पनि चीनसँग फिलिपिन्स चिढिएको छ। त्यस्तै सिंगापुरले प्रधानमन्त्री नभएर आफ्नो उपप्रधानमन्त्री पठाउँदै छ। यस कदममार्फत उसले रणनीतिक रूपमा आफूलाई तटस्थ देखाउन खोजेको हुन सक्छ। बाँकी भियतनाम, मलेसिया, इन्डोनेसिया, कम्बोडिया र म्यानमारको उपस्थितिले बेइजिङलाई राहत दिएको छ। दक्षिण चीन सागरमा विवादको बाबजुद अधिकांश दक्षिणपूर्वी एसियाली राज्यले टकरावभन्दा सहयोगलाई प्राथमिकता दिन्छन् भन्ने दाबी गर्न अवसर दिएको छ।

धेरैको नजर भ्लादिमिर पुटिनमाथि हुनेछ। रुसी राष्ट्रपति 'सांघाई को-अपरेसन अर्गनाइजेसन (एससिओ)'को बैठकमा भाग लिएको दुई दिनपछि परेडमा सहभागी हुनेछन्। चीनमा रहँदा पुटिनले सीसँग द्विपक्षीय भेटवार्ता गर्नेछन्। युक्रेन युद्धका कारण विश्व मञ्चमा एक्लिएका पुटिनका लागि बेइजिङ सुरुदेखि नै मित्र रहँदै आएको छ। सीका लागि पुटिनको उपस्थितिले चीन-रुस रणनीतिक विश्वासमाथि जोड दिनेछ। मे महिनामा रुसले आफ्नै दोस्रो विश्वयुद्धको वार्षिकोत्सव परेड आयोजना गरेको थियो। त्यसमा सी सहभागी भएका थिए। त्यसैले



फोटो : रोभो नोभोस्टी/गेटी इमेजेज

परेडमा दुई नेताको उपस्थिति कार्यक्रमको सबैभन्दा उल्लेखनीय दृश्यमध्ये एक हुनेछ।

परेडको समय पनि विशेष रूपमा उल्लेखनीय छ। वासिंटनले अमेरिका-रुस-युक्रेनबिच त्रिपक्षीय वार्ताको मध्यस्थता गर्ने प्रयास गरिरहेका वेला सी र पुटिनले शान्ति सम्भावना र युद्धपछिको व्यवस्थाबारे छलफल गर्ने अपेक्षा गरिएको छ। तथापि, वार्तामा छलफल भएका विषय सार्वजनिक गरिने सम्भावना न्यून छ। तर, यसले बेइजिङ र मस्कोले तत्काल युद्धकालीन चिन्ताभन्दा बाहिर पनि समन्वय गरिरहेका छन् भन्ने सन्देश दिनेछ। बेइजिङका लागि आफूलाई जिम्मेवार विश्वशक्तिको रूपमा प्रस्तुत गर्ने मौका हो भने मस्कोका लागि यो कूटनीतिक एक्लोपनबाट बाहिर निस्कने बाटो। सी र पुटिन सम्भवतः 'रणनीतिक अस्पष्टता'को परिचित ढाँचामा अडिग रहनेछन्।

प्रतिरोध युद्धमा विजयको ८०औं वार्षिकोत्सवको सम्झनामा सीले गर्ने भाषण परेडको अर्को केन्द्रबिन्दु हुनेछ। दशकौंदेखि दोस्रो विश्वयुद्धको विश्वव्यापी कथ्यले चीनको बलिदानलाई नजरअन्दाज गर्ने गरेको छ। मूलधारका इतिहासकारले दोस्रो विश्वयुद्धमा मुख्यतः अमेरिका र सोभियत संघको योगदानलाई महत्त्व दिन्छन्। सैन्य परेड सीका लागि यो कथ्य पुनः परिभाषित गर्ने मञ्च हुनेछ। जापानलाई पराजित गर्न र एसियाली भागमा दोस्रो विश्वयुद्धको नतिजालाई आकार दिन चीनले 'निर्णायक भूमिका' खेलेको बेइजिङको तर्क छ। अझ परेडमा दिइने सम्बोधनमा सीले व्यापक रूपमा दोस्रो विश्वयुद्धको विरासतलाई भावी विश्व व्यवस्थाका लागि चीनको आकांक्षासँग जोड्न सक्छन्। यस सन्दर्भमा उनले अमेरिकी प्रभुत्वको अन्त्य, बहुध्रुवीयताको कार्यान्वयन र विकासशील राज्यहरूको विश्वमञ्चमा थप प्रतिनिधित्वको माग गर्ने सम्भावना छ।

यस अर्थमा चीनले सैन्य परेडमार्फत केवल शक्ति प्रदर्शन गर्नेछ भन्ने सोच गलत छ। बेइजिङले अहिले एकीकृत भाष्य प्रस्तुत गरिरहेको छ, जसले भन्छ कि चीन विगतमा एक निर्णायक अभिनेता थियो, वर्तमानमा एक बलियो शक्ति हो र उसले भविष्यलाई आकार दिने आकांक्षा राखिरहेको छ। अर्थात्, सी जिनपिङले चीन इतिहासको न्यायपूर्ण उत्तराधिकारी र भावी विश्व-व्यवस्थाको वास्तुकार दुवै बन्न चाहेको विश्वलाई संकेत गर्दै छन्।

(युवेन चिनियाँ लेखक हुन्)
फरेन पोलिसीबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

इन्डोनेसियाको क्षेत्रीय संसद् भवनमा आगलागी, तीनको मृत्यु

जाकार्ता/ पूर्वी इन्डोनेसियाको क्षेत्रीय संसद् भवनमा भएको आगलागीमा कम्तीमा तीनजनाको मृत्यु भएको छ भने पाँचजना घाइते भएका छन् । दक्षिणपूर्वी एसियाली राष्ट्रमा व्यापक प्रदर्शन भइरहेका वेला देशको विपत् व्यवस्थापन निकायले शनिबार एक विज्ञप्तिमा राजधानी जकार्ताबाट लगभग १६ सय किलोमिटर पूर्वमा रहेको दक्षिण सुलाबेसी प्रान्तको राजधानी मकासरमा रहेको भवनमा आगलागीपछि मानिसको मृत्यु भएको पुष्टि गरेको हो । प्रदर्शनकारी आगो लगाउन भवनमा घुसपैठ गरेको सरकारी अधिकारीहरूले आरोप लगाएका छन् । केहीदिनअघि मोटरसाइकल डेलिभरी चालकलाई प्रहरीको गाडीले कुल्चेर मारेको फुटेज फैलिएपछि शुक्रबारदेखि इन्डोनेसिया, जकार्तालगायत प्रमुख सहरमा विरोध प्रदर्शन भएको थियो ।

रुसी लडाइँमा ज्यान गुमाएका सेनाका परिवारसँग किमको भेट



सिउल/ उत्तर कोरियाली नेता किम जोङ उनले युक्रेनविरुद्ध रुसको पक्षमा लड्दा मारिएका आफ्ना सेनाका परिवारसँग भेट गरेका छन् । उनीहरूको 'असह्य पीडा'प्रति समवेदना व्यक्त गर्दै किमले शोकसन्तप्तलाई सुन्दर जीवन दिने वाचा गरेको उत्तर कोरियाली समाचार संस्थाले जनाएका छन् । किमले मारिएका सैनिकका परिवारलाई भेटेर आफ्नो जीवन बलिदान दिनेप्रति सहानुभूति जनाएका हुन् ।

मारिएका सैनिकका परिवारसँग किमले एक महिनामा दोस्रोपटक भेटेका हुन् । प्योङयाङले रुसका लागि लड्दा मारिएका सैनिकको संख्या पुष्टि गरेको छैन । यद्यपि, युद्धमा लगभग ६०० सैनिक मारिएका र हजारौँ घाइते भएका दक्षिण कोरियाले अनुमान गरेको छ ।

'मैले यो बैठकको आयोजना गरेको थिएँ, किनकि म सबै नायकका शोकसन्तप्त परिवारलाई भेट्न, सान्त्वना दिन र उनीहरूका पीडामा थोरै भए पनि राहत दिन चाहन्थेँ,' भेटपछि किमले भने । किमले राजधानी प्योङयाङमा स्मारक निर्माण गर्ने, साथै शोकसन्तप्त परिवारका लागि नयाँ सडकको नामकरण गर्ने वाचा गर्दै राज्यले मृतक सैनिकका छोराछोरीलाई पूर्ण सहयोग गर्ने बताए ।

उत्तर कोरियाली नेताले बुबा गुमाएका टुहुरा बालबालिका देखेर आफू निकै दुःखी भएको बताए । 'म हाम्रो राज्यका तर्फबाट क्षतिको पूर्ण जिम्मेवारी लिन्छु र उनीहरूका बुबाजस्तै दृढ र साहसी लडाकुको रूपमा प्रशंसनीय रूपमा तालिम दिनेछौँ,' उनले थपे ।

इतिहासमा आज

अगस्ट ३१



सन् १९९७ : तत्कालीन बेलायती महारानी एलिजावेथ द्वितीयका जेठा छोरा चार्ल्स (हालका राजा)की पूर्वश्रीमती डायनाको पेरिसमा कार दुर्घटनामा परी मृत्यु भयो । फोटो पत्रकारलाई छल्न कार तीव्र गतिमा कुदाउँदा उक्त दुर्घटना भएको थियो । दुर्घटनामा डायनासँगै कारचालक हेनरी पल र डायनाका प्रेमी भनिएका डोडी फायद पनि दिवंगत भएका थिए ।

सन् १९९२ : फिलिपिन्समा एक खानीमा भएको विस्फोटका परी पाँच सयजनाको मृत्यु भयो ।

सन् १९९४ : आयरल्यान्डको सम्पूर्ण भूभागमा बेलायती शासन अन्त्य हुनुपर्ने माग राखेर सशस्त्र क्रान्ति गरिरहेको 'आइरिस रिपब्लिकन आर्मी (आइआरए)'ले उसको सैन्य अभियान पूर्ण रूपमा अन्त्य भएको घोषणा गर्‍यो ।

सन् २००६ : सन् २००४ अगस्ट २२ मा चोरिएको एडभार्ड मुन्चको चर्चित पेन्टिङ 'द स्क्रिम' नर्वेजियन प्रहरीको कारबाहीबाट फेरि प्राप्त भयो । पेन्टिङ अपेक्षा गरिएभन्दा राम्रो अवस्थामा थियो ।

सन् २०१५ : अमेरिकी राष्ट्रपति बाराक ओबामाले अलास्कास्थित उत्तर अमेरिकी महादेशकै अग्लो शिखर माउन्ट म्याकिन्लेको नाम औपचारिक रूपमा सो स्थानका आदिवासीले प्रयोग गर्ने नाम 'देनाली'मा बदले ।

सन् २०१६ : ब्राजिलको सिनेटले राष्ट्रपति डिल्मा रुसेफमाथि लागेको महाभियोग बहुमतले पारित गर्‍यो । महाभियोग पारित भएसँगै रुसेफ पदबाट बर्खास्त भइन् ।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८२/०५/१५ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

तपसिल

शाखा कार्यालय : पाल्पा

ऋणीको नाम, ठेगाना

१. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय पाल्पा, तानसेनमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **प्रिया प्लाष्टिक हाउस** ।
प्रा.फ.र.नं. २२८५/०७१, दर्ता मिति : २०७१/०७/०२, पान नं. ६०२७१८०६०, दर्ता मिति : २०७१/०७/२८
ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. २, **प्रोप्राईटर : शशिलता महर्जन (श्रेष्ठ)**

२. नेपाल सरकार, ५ नं. प्रदेश, उद्योग, पर्यटन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय पाल्पा, तानसेनमा प्राईभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम दर्ता कायम भएको **प्रिय लक्ष्मी स्टोर्स** ।
प्रा.फ.र.नं. ४५४५/०७६/०७७, दर्ता मिति : २०७६/११/१९, पान नं. ६१३१५६३९२, दर्ता मिति : २०७६/११/१९
ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ३, **प्रोप्राईटर : प्रिय लक्ष्मी श्रेष्ठ**

३. शशिलता महर्जन (श्रेष्ठ)
ना.प्र.नं. ३९-०१-७७-०००१६, जि.प्र.का. पाल्पा, जारी मिति : २०७७/०३/०७
बाबु : विवेक मान महर्जन, पति : सुधिर प्रशाद श्रेष्ठ, ससुरा : धिरेन्द्र प्रसाद श्रेष्ठ
ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ५, हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ३

ऋणी १ को व्यक्तिगत जमानतकर्ताहरू

१. शशिलता महर्जन (श्रेष्ठ) ना.प्र.नं. ३९-०१-७७-०००१६, जि.प्र.का. पाल्पा जारी मिति : २०७७/०३/०७ बाबु : विवेक मान महर्जन पति : सुधिर प्रशाद श्रेष्ठ, ससुरा : धिरेन्द्र प्रसाद श्रेष्ठ ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ५ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ३	**२. बिरेन्द्र प्रसाद श्रेष्ठ** ना.प्र.नं. ३९-०१-७७-०००१३, जि.प्र.का. पाल्पा जारी मिति : २०७७/०३/०७ बाबु : धिरेन्द्र प्रसाद श्रेष्ठ बाजे : जमुना प्रसाद श्रेष्ठ ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ८ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ३
३. प्रिय लक्ष्मी श्रेष्ठ ना.प्र.नं. २३४, जि.प्र.का. पाल्पा जारी मिति : २०४३/०२/१४ बाबु : हरि शंकर शैजु पति : धिरेन्द्र प्रसाद श्रेष्ठ, ससुरा : जमुना प्रसाद श्रेष्ठ ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ९ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ३	**४. सुधिर प्रसाद श्रेष्ठ** ना.प्र.नं. ३९-०१-७७-०००१४, जि.प्र.का. पाल्पा जारी मिति : २०७७/०३/०७ बाबु : धिरेन्द्र प्रसाद श्रेष्ठ बाजे : जमुना प्रसाद श्रेष्ठ ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ८ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ३

ऋणी २ र ३ को व्यक्तिगत जमानतकर्ताहरू

१. शशिलता महर्जन (श्रेष्ठ) ना.प्र.नं. ३९-०१-७७-०००१६, जि.प्र.का. पाल्पा जारी मिति : २०७७/०३/०७ बाबु : विवेक मान महर्जन पति : सुधिर प्रशाद श्रेष्ठ, ससुरा : धिरेन्द्र प्रसाद श्रेष्ठ ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ५ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ३	**२. बिरेन्द्र प्रसाद श्रेष्ठ** ना.प्र.नं. ३९-०१-७७-०००१३, जि.प्र.का. पाल्पा जारी मिति : २०७७/०३/०७ बाबु : धिरेन्द्र प्रसाद श्रेष्ठ बाजे : जमुना प्रसाद श्रेष्ठ ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ८ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ३
३. प्रिय लक्ष्मी श्रेष्ठ ना.प्र.नं. २३४, जि.प्र.का. पाल्पा जारी मिति : २०४३/०२/१४ बाबु : हरि शंकर शैजु पति : धिरेन्द्र प्रसाद श्रेष्ठ, ससुरा : जमुना प्रसाद श्रेष्ठ ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ९ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ३	**४. सुधिर प्रसाद श्रेष्ठ** ना.प्र.नं. ३९-०१-७७-०००१४, जि.प्र.का. पाल्पा जारी मिति : २०७७/०३/०७ बाबु : धिरेन्द्र प्रसाद श्रेष्ठ बाजे : जमुना प्रसाद श्रेष्ठ ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ८ हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ३

५. दिपा श्रेष्ठ
ना.प्र.नं. ३९१०६६/११८१, जि.प्र.का. पाल्पा, जारी मिति : २०६५/०९/१६
बाबु : दिपक प्रसाद प्रधान, पति : बिरेन्द्र प्रसाद श्रेष्ठ, ससुरा : धिरेन्द्र प्रसाद श्रेष्ठ
ठेगाना : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ८, हाल : पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ३

धितोमा रहेको सम्पतिको विवरण

१. जमुना प्रसाद श्रेष्ठको बुहारी, धिरेन्द्र प्रसाद श्रेष्ठको पत्नी, पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ३ बस्ने प्रिय लक्ष्मी श्रेष्ठको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता कायम भएको पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ८ स्थित कि.नं. २३६ को क्षेत्रफल ०-१४-१-१ (रोपनी) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।

(उल्लेखित सम्पत्ति ऋणी प्रिया प्लाष्टिक हाउस, प्रिय लक्ष्मी स्टोर्स र शशिलता महर्जन (श्रेष्ठ) को नाममा धितोबन्धकी पारीत भएको)

२. ऋणी प्रिया प्लाष्टिक हाउस र प्रिय लक्ष्मी स्टोर्सले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

शाखा कार्यालय : राजविराज

ऋणीको नाम, ठेगाना

रिना कुमारी यादव
ना.प्र.नं. १६-०१-७५-०१८०४, जि.प्र.का. सप्तरी, जारी मिति : २०७५/०२/१८
बाबु : अशोक कुमार यादव, पति : उमेश कुमार यादव, ससुरा : रेशम लाल यादव
ठेगाना : सप्तरी जिल्ला, विष्णुपुर गा.पा. वडा नं. १

व्यक्तिगत जमानतकर्ताहरू

१. रिना कुमारी यादव ना.प्र.नं. १६-०१-७५-०१८०४, जि.प्र.का. सप्तरी जारी मिति : २०७५/०२/१८ बाबु : अशोक कुमार यादव पति : उमेश कुमार यादव, ससुरा : रेशम लाल यादव ठेगाना : सप्तरी जिल्ला, विष्णुपुर गा.पा. वडा नं. १	**२. उमेश कुमार यादव** ना.प्र.नं. ९९६१, जि.प्र.का. सप्तरी जारी मिति : २०६३/०७/१० बाबु : रेशम लाल यादव, बाजे : रबी यादव ठेगाना : सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स. वडा नं. १ हाल : सप्तरी जिल्ला, विष्णुपुर गा.पा. वडा नं. १
३. महेश प्रसाद यादव ना.प्र.नं. २०१८, जि.प्र.का. सप्तरी जारी मिति : २०५२/०३/२२ बाबु : रेशम लाल यादव बाजे : रबी यादव ठेगाना : सप्तरी जिल्ला, विष्णुपुर गा.पा. वडा नं. १	**४. चम्पा देवी यादव** ना.प्र.नं. १६१०५३/१३३, जि.प्र.का. सप्तरी जारी मिति : २०६६/०७/२९ बाबु : बैजनाथ यादव पति : महेश प्रसाद यादव, ससुरा : रेशम लाल यादव ठेगाना : सप्तरी जिल्ला, विष्णुपुर गा.पा. वडा नं. १
५. रेशम लाल यादव ना.प्र.नं. ५९२४१७१६, जि.प्र.का. सप्तरी जारी मिति : २०४६/०७/०९ बाबु : रबी यादव, बाजे : मुसहरु यादव ठेगाना : सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स. वडा नं. १ हाल : सप्तरी जिल्ला, विष्णुपुर गा.पा. वडा नं. १	**६. दुलारी देवी यादवानी** ना.प्र.नं. ५९२४१७१७, जि.प्र.का. सप्तरी जारी मिति : २०४४/१०/२४ पति : रेशम लाल यादव ससुरा : रबी यादव ठेगाना : सप्तरी जिल्ला, विष्णुपुर गा.पा. वडा नं. १

धितोमा रहेको सम्पतिको विवरण

मुसहरु यादवको नाति, रबी यादवको छोरा, सप्तरी जिल्ला जमुनीमधेपुरा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल सप्तरी जिल्ला, विष्णुपुर गा.पा. वडा नं. १ बस्ने रेशम लाल यादवको नाममा मालपोत कार्यालय राजविराज, सप्तरीमा दर्ता कायम भएको सप्तरी जिल्ला, जमुनीमधेपुरा गा.वि.स. वडा नं. १ स्थित कि.नं. १४१२ सिट नं. १ क को क्षेत्रफल ०-२-०-० (वि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
